# नगर शिक्षा योजना

(२०८२/०८३- २०९२/२०९३)

चन्द्रागिरि नगरपालिका

काठमाण्डौ

बागमती प्रदेश

नेपाल

## भनाई

देशको राजधानी प्रवेश गर्ने पश्चिमतर्फको नाका रहेको यस चन्द्रागिरि नगरपालिका बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक सम्पदाले धनी हुनुका साथै ऐतिहासिक, धार्मिक, पूरातात्विक महत्त्वका दृष्टिले पनि सम्पन्न छ। १५ वटा वडा रहेको यो नगरपालिका क्षेत्रफलका हिसावले काठमाण्डौ जिल्लाको सबैभन्दा ठूलो नगरपालिका हो।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्नै अधिकार र कार्यक्षेत्रहरू तोकेको छ। यससँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले शिक्षासम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख गरेको छ। त्यसैले यस नगरपालिकामा सञ्चालित विद्यालय तहको शिक्षालाई प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तर, समावेशीकरण, सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नका लागि उपलब्ध भौतिक, वित्तीय र मानवीय स्रोत साधनको अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै चन्द्रागिरि नगरपालिकाले १० वर्षे नगर शिक्षा योजना (२०८२/०८३-२०९२/०९३) निर्माण गरी कायार्न्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ। नगरपालिकाको समग्र विकासको आधारशिलाका रूपमा रहेको शिक्षाको विकास बिना नगरपालिकाको समृद्धिको परिकल्पना पनि गर्न सकिदैन। यस महत्त्वपूर्ण विषयवस्तुलाई आत्मसात् गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोह्रौं योजना, शिक्षा क्षेत्र योजना तथा मौजुदा विभिन्न ऐन, काननूको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना नगरपालिकाको समग्र शैक्षिक विकासका लागि महत्त्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

नगरपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुँच स्थापित गरी नवप्रवर्तनशील, स्वावलम्बी, संस्कारयुक्त एवम् सकारात्मक सोँच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले नगरपालिकाले यो योजना निर्माण गरेको हो। यस क्षेत्रको बहु-पहिचानलाई आत्मसात गर्दै नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषणसहित तयार पारिएको यस योजना निर्माणमा तदारुकता देखाउनु हुने उपप्रमुखसहित जनप्रतिनिधीज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सामाजिक विकास समितिसहित विभिन्न समितिहरू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कमर्चारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोलीलगायत यस योजनालाई मूर्त रुप दिन खोज, अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्नुहुने प्राविधिक सहजकर्ता बालकृष्ण गैरे, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, अभिभावक एवम् विद्यार्थी भाइबैनीलगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूलाई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यस योजनाले नगरपालिकाको समग्र शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनका लागि सबैको सहयोगको अपेक्षा पनि गर्दछु। धन्यवाद !

२०८२, असार २२

घनश्याम गिरि
नगर प्रमुख
चन्द्रागिरि नगरपालिका

## योजनाको सारांश

विकास निर्माणको प्रमुख आधारशीला शिक्षा हो। शिक्षाले व्यक्तिलाई गुणस्तरीय जीवन जिउने कला सिकाउनुको साथै समाज रूपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिक न्यायका साथै आर्थिक विकासमा अहम् भूमिका निर्वाह गरेको हुन्छ। निश्चित अवधिभित्र शिक्षा विकासको उद्देश्य पूरा गर्न शैक्षिक लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम र ती कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्था र कार्यक्रम कार्यान्वयनबाट हासिल हुने उपलब्धिसहितको दस्तावेज नै शैक्षिक योजना हो। शैक्षिक योजनाको मुख्य उद्देश्य साधन र स्रोतको अधिकतम उपयोग गरी अपेक्षित शैक्षिक नतिजा हासिल गर्नु हो।

नेपालको संविधान, विद्यालय शिक्षा क्षेत्र योजना, सोह्रौ पञ्च वर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन एवम् नियमावली, शिक्षा ऐन एवम् शिक्षा नियमावली, नगर शिक्षा ऐन, राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, चन्द्रागिरि नगरपालिकाको आवधिक योजना, राजनितिक दलहरूले जनतासमक्ष गरेको शिक्षासम्बन्धी प्रतिवद्धता, नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, स्थानीय स्वेच्छिक मूल्याङ्कन प्रतिवेदन (चन्द्रागिरि नगरपालिका), विद्यालयहरूद्वारा निर्माण गरिएको विद्यालय सुधार योजना लगायतका दस्तावेज एवम् व्यवस्थालाई मूल आधार बनाई यो शिक्षा योजना बनाइएको छ।

योजना निर्माणका क्रमवद्ध चरणहरूलाई पूरा गर्दै यो नगर शिक्षा योजना निर्माण गरिएको हो। नगर शिक्षा समितिका अध्यक्ष एवम् नगर प्रमुख श्री घनश्याम गिरिको अध्यक्षतामा योजना निर्माण सल्लाहकार समिति गठन गरी उक्त समितिले सामाजिक विकास समितिलाई नगर शिक्षा योजना निर्माण गर्ने जिम्मेवारी दिएको थियो। अध्ययन एवम् लेखन कार्यका लागि एकजना प्राविधिक सहजकर्तालाई मुख्य जिम्मेवारी दिइएको थियो। योजना निर्माण प्रक्रियाको शुरूमा योजनाको दस्तावेजीय स्वरूप र निर्माण प्रक्रियाका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा प्रस्तुतीकरण एवम् अन्तरक्रिया समेत गरिएको थियो। योजना निर्माणका लागि आवश्यक पर्ने सूचना एवम् तथ्याङ्क विद्यालयबाट तत्कालै सङ्कलन गरिएको थियो भने बाँकी तथ्याङ्क नगरपालिकाको अभिलेख, एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS), स्वेच्छिक स्थानीय तह मूल्याङ्कन (VLR) र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनबाट लिइएको थियो। यसक्रममा जनप्रतिनिधि, स्थानीय बुद्धिजिवी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक, अभिभावक एवम् विद्यार्थी प्रतिनिधिसँग अन्तरक्रिया गरेर विद्यालय शिक्षाका समस्या र शिक्षा योजनाले सम्बोधन गर्नुपर्ने विषय क्षेत्रका सम्बन्धमा जानकारी सङ्कलन गरिएको थियो। प्राप्त तथ्याङ्कलाई विश्लेषण गरेर विभिन्न सूचकहरू विकास गरिएको थियो। नगर शिक्षाका समस्या तथा सूचकका आधारमा योजनाको पहिलो मस्यौदा तयार गरी माथि उल्लिखित सरोकारवालासँग पटक पटक अन्तर्क्रिया गरी पृष्ठपोषण सङ्कलन गरिएको थियो। सुझाव एवम् पृष्ठपोषणका आधारमा मस्यौदालाई अन्तिम रूप प्रदान गरी सामाजिक विकास समितिमार्फत् नगर प्रमुख समक्ष योजना हस्तान्तरण गरिएको थियो। प्राप्त योजनाको मस्यौदालाई आवश्यक प्रक्रिया पूरा गरी कार्यान्वयनमा ल्याइयो।

आठओटा परिच्छेद समावेश गरी तयार पारिएको नगर शिक्षा योजनाको पहिलो परिच्छेददेखि आठौं परिच्छेदसम्म क्रमशः परिचय; दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा लक्ष्य निर्धारण; विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र; अन्तरसम्बन्धित विषय तथा क्षेत्र; अन्य उपक्षेत्र; सुशासन तथा व्यवस्थापन; लगानी र स्रोत व्यवस्थापन; अनुगमन तथा

मूल्याङ्कन राखिएको छ । पहिलो परिच्छेदभन्दा अगाडि योजनाको सारांश, विषय प्रवेश, नगर शिक्षा योजना निर्माणको औचित्य, प्रक्रिया, योजनाको दस्तावेजीय स्वरूप समावेश गरिएको छ ।

साविकका ११ वटा गाउँ विकास समितिलाई समेटेर वि.स. २०७१ साल मङ्सिर १६ गतेको नेपाल सरकार मन्त्रीपरिषदको निर्णयानुसार बनेको यस नगरपालिकामा ३५,९९४ घरधुरी, ६८,३०३ पुरूष र ६८,५५७ महिला गरी जम्मा १,३६,८६० जनसङ्ख्या रहेको छ । यहाँ २४ वटा सामुदायिक, ९३ वटा संस्थागत, ४ वटा अनौपचारिक तथा वैकल्पिक र २ वटा परम्परागत तथा धार्मिक विद्यालय सहित १२३ वटा शिक्षण संस्थाहरू रहेका छन् । यहाँ २ वटा सामुदायिक क्याम्पस, एउटा सामुदायिक सिकाइ केन्द्र र एउटा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को आङ्गिक शिक्षालय रहेको छ । यहाँ २ वटा प्राविधिक धार सञ्चालन भएका विद्यालय र एउटा नमुना विद्यालय हुनुका साथै २ वटा विद्यालयमा CTEVT द्वारा व्यवसायिक विषयको ३ वर्षे डिप्लोमा कार्यक्रम सञ्चालनमा रहेको छ ।  यहाँका सामुदायिक, संस्थागत, अनौपचारिक तथा वैकल्पिक र परम्परागत तथा धार्मिक विद्यालयमा १९,७४० छात्र र १७,०६० छात्रा गरी कुल ३६,८०० विद्यार्थीले अध्ययन गरिरहेका छन् ।

यस नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १३५.६% र ९९.५४% रहेको देखिन्छ । त्यसै गरी, आधारभूत तहको सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १२६.४% र  ९९% रहेको छ भने माध्यमिक तह (कक्षा ९-१०) को सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १०५.१९% र ७९.५९% रहेको छ । २०७८ सालको जनगणनाको प्रतिवेदनका आधारमा १५-६० वर्ष उमेर समूहको जनसङ्ख्या मध्ये ९५.५८% पुरूष र ८४.६१% महिला साक्षर देखिन्छन् भने उक्त उमेर समूहको समग्र साक्षरताको दर ८९.४८% रहेको देखिन्छ ।

विद्यालय उमेरका अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिता पूर्ण रूपले सुनिश्चित हुन नसक्नु; विद्यालय भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न तथा विद्यालय तहको शिक्षा पूरा गराउन नसक्नु; प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ आकर्षणमा कमीका कारणले निर्धारित कोटा पूरा नहुनु; विद्यालयमा बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री पूर्वाधार तथा सिकाइ वातावरण पूर्ण रूपमा निर्माण नहुनु; शिक्षकको दक्षतामा कमीका कारणले आधुनिक सूचना प्रविधिको शिक्षणमा न्युन प्रयोग हुनु, सिकाइ सामग्रीको प्रयाप्त मात्रामा प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाउन नसकेका कारणले उपलब्धिस्तरमा अपेक्षित सुधार हुन नसक्नु; १५-६० वर्ष उमेर समूहका करिव ११ प्रतिशत नगरवासी निरक्षर रहनु लगायतका समस्याका साथै भाषिक, आर्थिक, अपाङ्गता र सिकाइ गतिका वाबजुद सबै बालबालिकालाई गुणस्तरीय सिकाइको अवसर प्रदान गर्नु; अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षा सुनिश्चितता गर्नु;  विद्यालयमा मापदण्डबमोजिम शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्नु; सिकाइ आवश्यकतामा विविधताका कारणले आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु; सामुदायिक विद्यालयप्रति स्थानीय समुदायको अपनत्व र विश्वास स्थापित गर्नु आदि यस नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख चुनौति हुन् ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका लागि संवैधानिक, कानूनी र नीतिगत व्यवस्था हुनु; तीनवटै सरकारको साझा जिम्मेवारी रहेकाले शिक्षा क्षेत्रमा लगानी हुने प्रशस्त संभावना हुनु; स्थानीय सरकार सञ्चालन ऐनले विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गर्नु; सूचना तथा सञ्चार प्रविधिको तीव्र गतिमा विस्तार हुनु; नजिक नजिक विद्यालय रहेका कारणले बालबालिकाले विद्यालय छनोट गरी अध्ययन गर्ने अवसर हुनु;

विभिन्न राजनैतिक दल र नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु; ५ वटा प्राविधिक धारको पठनपाठन गर्ने संस्थाहरू यस नगरपालिकामा हुनु; २ वटा उच्च शिक्षा अध्ययन गर्ने सामुदायिक क्याम्पस हुनु; शिक्षा विकासका लागि विभिन्न सङ्घ संस्थाहरूको सहभागिता हुनु यस नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

यस योजनाले नवप्रवर्तनशील, पर्यटनमुखी, स्वाबलम्बी एवम् संस्कारयुक्त शिक्षाको अभिवृद्धि; चन्द्रागिरि नगरपालिकाको समृद्धि दूरदृष्टि लिएको छ भने शिक्षाको गुणस्तर अभिवृद्धि गरी प्रविधिमैत्री, सिर्जनशिल, चरित्रवान र क्षमतावान जनशक्ति निर्माणमा योगदान गर्ने लक्ष्य राखेको छ । यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको सहज पहुँचको सुनिश्चितता गरी गुणस्तर अभिवृद्धि गर्नु; आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चितताका साथसाथै गुणस्तर अभिवृद्धि गर्नु; माध्यमिक शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्नु; विद्यालय शिक्षाको सबै तह र विषयमा विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु; प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा इच्छुक सबैको समावेशी तथा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि गर्नु; अनौपचारिक शिक्षा  र आजीवन सिकाइको अवसर विस्तार गर्नु; आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अवसर बढाउनु; विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्नु; भाषा, संस्कृति र कलाको संरक्षण एवम् सम्बर्द्धनमा सहयोग गर्नु सहित ९ वटा उद्देश्य लिएको छ ।

उद्देश्य पूरा गर्नका लागि नगरपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच विस्तार गर्नका लागि कक्षा १ मा भर्ना हुन बालविकासको अनुभव अनिवार्य गर्ने; सिकाइमा सुधार गर्न सुविधा सम्पन्न बालविकास कक्षाको व्यवस्थाका साथसाथै सहजीकरणमा नविनतम प्रविधिको उपयोग गर्ने; आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना तथा तह पूरा गराउनै पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने; विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न  विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्ने; STEAM Education लाई विद्यालय शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गर्ने; उपलब्धिस्तरमा सुधार गर्नका लागि स्मार्ट शैक्षिक कार्यक्रमको कार्यान्वयन गर्ने; विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने र शिक्षक तथा प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउने; प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा आकर्षण र गुणस्तर बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने; साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर अभिवृद्धि गर्ने; सामुदायिक सिकाइ केन्द्रको विस्तार एवम् संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने; आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी आवश्यक तयारी र अभ्यास गराउने; विद्यालयको प्रत्यक्ष सरोकारवालाको क्षमता अभिवृद्धि गरी शैक्षिक विकास एवम सुशासनका लागि जिम्मेवार बनाउने; कार्यसम्पादन करारको रणनीतिलाई निरन्तरता दिँदै व्यवस्थित गर्ने; भाषा, संस्कृति र कलाको संरक्षण एवम् सम्बर्द्धन गर्न प्रतिस्पर्धात्मक तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने सहितका रणनीतिहरू अबलम्बन  गरिने छ ।

यस नगर शिक्षा योजनाले शिक्षण सिकाइमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई जोड दिएको छ । यसका लागि बालविकास र आधारभूत तहका कक्षाकोठामा स्मार्ट टिभी र माध्यमिक तहका कक्षाकोठामा स्मार्ट बोर्ड पुऱ्याउने र यसको उपयोग बढाउनका लागि शिक्षकमा क्षमता विकासका कार्यक्रमलाई जोड दिएको छ । यसको अलावा विद्यार्थीका लागि स्मार्ट कार्ड सहितको इ-हाजिरी, आवश्यकताका आधारमा विद्यालय बसको व्यवस्था, विद्यार्थीहरूका लागि जीवनोपयोगी सिप विकासका कार्यक्रम, बालविकास कक्षाको व्यवस्थापन एवम् सवलीकरण, वैकल्पिक शैक्षिक संस्थाको संस्थागत क्षमता

विकास, विषयगत समिति निर्माण एवम् शिक्षकको क्षमता अभिवृद्धिका लागि कार्यक्रम, उच्च शिक्षा छात्रवृत्ति एवम् प्रोत्साहनमूलक कार्यक्रम, स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थी सिकाइ सामग्रीको विकास गरी कार्यान्वयन, नगरस्तरीय खेलकुद, विद्यार्थीको सिकाइ उपलब्धि बढाउने थप उपायहरूको खोजी गरी कार्यान्वयन, विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने दर घटाउने थप उपायहरू कार्यान्वयन, निरक्षरहरूलाई साक्षर बनाउने कार्यक्रम र विद्यालयमा दिवा खाजाको गुणस्तर अभिवृद्धि जस्ता कार्यक्रमलाई महत्त्व दिएको छ।

उल्लिखित कार्यक्रमका माध्यमबाट योजना अवधिको अन्त्यसम्ममा देहायका उपलब्धिहरू प्राप्त गर्ने लक्ष्य लिइएको छः

- बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीको सङ्ख्या सतप्रतिशत पुग्ने,
- आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भई कम्तिमा आधारभूत शिक्षा पूरा गर्ने,
- सबै तह, कक्षा र विषयको नगरस्तरीय औसत सिकाइ उपलब्धि हालको औसतभन्दा कम्तिमा १० अङ्कले वृद्धि हुने,
- उच्च कार्यसम्पादन स्तर भएका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीले पुरस्कार एवम् प्रसंशापत्र प्राप्त गरी प्रोत्साहित हुने,
- सतप्रतिशत कक्षाकोठाहरू स्मार्ट कक्षाकोठाका रूपमा विकास हुने,
- स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुने,
- नियमित सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन भई ८० प्रतिशतभन्दा बढी विद्यार्थीले भाग लिने अवसर प्राप्त गर्ने,
- सुविधा सम्पन्न बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिक्ने अवसर सबै बालबालिकाले प्राप्त गर्ने,
- प्राविधिक शिक्षा र सिपमूलक तालिमको पहुँचमा वृद्धि भई पिछडिएको वर्ग, क्षेत्र र समुदायका विद्यार्थीहरूको समावेशी सहभागितामा अभिवृद्धि हुने,
- विद्यालयहरू बालमैत्री, अपाङ्गतामैत्री, समतामूलक र समावेशी हुनुका साथै सिकाइको स्तर वृद्धि हुने,
- वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट औपचारिक शिक्षाबाट बञ्चित समूहले सिकाइ अवसर प्राप्त गर्ने र आजीवन सिकाइको अवसरमा अभिवृद्धि हुने,
- विपत्को समयमा पनि बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक तयारी र अभ्यास हुने,
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने,
- सामुदायिक विद्यालयप्रति समुदायको आकर्षण बढ्नुका साथै विश्वासमा वृद्धि भएको हुने।

योजना कार्यान्वयनका लागि सङ्घ र प्रदेशबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानका रूपमा प्राप्त हुने रकम, नगरपालिकाको आन्तरिक स्रोत र अन्य सङ्घसंस्थाबाट प्राप्त अनुदानलाई मिलाएर बजेट निर्माण गरिने छ। यी सबै संस्थाले शिक्षा क्षेत्रका लागि छुट्याउने बजेटमा बढोत्तरी हुँदै जाने र विगतको कोभिड जस्तै विपद् एवम् महामारीको अवस्था सिर्जना भई सबै तहका सरकारको ध्यान त्यसतर्फ जाने अवस्था आउँदैन भन्ने मान्यतामा पूर्ण रूपमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ। योजना कार्यान्वयनका लागि पहिलो पाँच वर्षमा क्रमशः ४७,९१,१०,०००, ४९,९०,३०,०००, ५१,४८,५६,०००, ५३,२५,१८,००० र ५५,२९,४४,००० बजेट आवश्यक रही जम्मा रू. २,५७,८४,५८,००० बजेट आवश्यक हुने अनुमान गरिएको छ।

**विषय सूची**


| शीर्षक | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| नगर प्रमुखको भनाई | | I |
| योजनाको सारांश | | II |
| क) | विषय प्रवेश | VIII |
| ख) | नगर शिक्षा योजना निर्माणको औचित्य | VIII |
| ग) | नगर शिक्षा शिक्षा योजना निर्माण प्रक्रिया | VIII |
| घ) | योजनाको दस्तावेजीय स्वरूप | IX |
| परिच्छेद एकः परिचय | | १ |
| १.१ | वर्तमान अवस्था | १ |
| १.२ | मुख्य समस्या तथा चुनौतिको विश्लेषण | ७ |
| १.३ | अवसर | ७ |
| परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण | | ८ |
| २.१ | शिक्षा योजना निर्माणको आधार | ८ |
| २.२ | दूरदृष्टि | १२ |
| २.३ | लक्ष्य | १२ |
| २.४ | उद्देश्य | १३ |
| २.५ | रणनीति | १३ |
| २.६ | कार्यनीति | १४ |
| २.७ | अपेक्षित उपलब्धि | १८ |
| २.८ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | १९ |
| परिच्छेद तीनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू | | २३ |
| ३.१ | प्रारम्भिक बालविकास तथा शिक्षा | २३ |
| ३.२ | आधारभूत शिक्षा | २५ |
| ३.३ | माध्यमिक शिक्षा | ३० |

| शीर्षक | | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ३.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३३ |
| ३.५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ३५ |
| परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू | | ३९ |
| ४.१ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ३९ |
| ४.२ | शिक्षक व्यवस्थापन र विकास | ४२ |
| ४.३ | शैक्षिक समता र समावेशीकरण | ४६ |
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४९ |
| ४.५ | विद्यालय सुरक्षा, विपद् न्युनीकरण तथा उत्थानशीलता | ५२ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ५४ |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५६ |
| परिच्छेद पाचः अन्य उपक्षेत्र | | ५९ |
| ५.१ | उच्च शिक्षा | ५९ |
| परिच्छेद छः सुशासन तथा व्यवस्थापन | | ६१ |
| ६.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ६१ |
| ६.२ | नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ६२ |
| परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन | | ६६ |
| परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन | | ६९ |
| अनुसूचीहरू | | ७१ |

## क) विषय प्रवेश

देशको विकास निर्माणको प्रमुख आधार शिक्षा हो । शिक्षाले व्यक्तिलाई गुणस्तरीय जीवन जिउने कला सिकाउँछ । शिक्षाले समाज रूपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिक न्यायका साथै आर्थिक विकासमा अहम् भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयमा भर्ना भएका विद्यार्थीको सङ्ख्या, आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर, विद्यालय शिक्षापछि विश्वविद्यालयमा जाने विद्यार्थी सङ्ख्या, देशबाट उत्पादित जनशक्तिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा खपत आदि कुराले देशको शिक्षा प्रणालीको स्तर निर्धारण गरेको हुन्छ । शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, समता र समावेशीकरण सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ । संविधानले शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा राखेर सबै तहलाई जिम्मेवार बनाएको छ भने विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ । संविधानमा भएका उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ल्याएको छ । नेपाल सरकारले इन्चोन घोषणामा हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढ गरिने छ भनी प्रतिवद्धता जनाएको छ । यसैगरी, दिगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य नं ४ सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्दैछ । सोह्रौ योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजनालाई स्थानीयकरण गरी स्थानीय स्तरबाट सहयोग गर्न शिक्षा योजनाको आवश्यकता रहेको छ ।

## ख) नगर शिक्षा योजना निर्माणको औचित्य

नगर शिक्षा योजना निर्माणको औचित्य देहाय बमोजिम रहेको छः

१. नगरपालिकाको उद्देश्य शिक्षा क्षेत्रको विकासलाई द्रुततर गति प्रदान गर्ने रहेको छ, सो पूरा गर्न,
२. तीनै तहमा बन्ने शिक्षा योजनाको वहुआयामिक सम्बन्ध स्थापित गर्न,
३. सङ्घ, प्रदेश र अन्य सङ्घ संस्थाबाट प्राप्त गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई परिचालन, व्यवस्थापन र सही उपयोगका लागि लागत साझेदारी, समन्वय एवम् सहकार्यलाई प्रभावकारी बनाउन,
४. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा आउन सक्ने समस्यालाई न्युनीकरण गर्न,
५. शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन ।

## ग) नगर शिक्षा योजना निर्माण प्रक्रिया

उपलब्ध साधन र स्रोतलाई अधिकतम् उपयोग गरी समय मै लक्ष्य हासिल गर्नका लागि योजनाको आवश्यकता पर्छ । योजना निर्माण प्रक्रिया एक जटिल र चुनौतिपूर्ण कार्य हो । विगतदेखि नै शिक्षा योजना निर्माणको सोँच रहेको थियो र विभिन्न पहलहरू पनि भएका थिए ।

यस नगरपालिकाको आ.व. २०८१/८२ मा शिक्षा योजना निर्माणका लागि बजेटको व्यवस्था गरिएको छ। योजना निर्माणका लागि यस नगरपालिको शिक्षा समितिका अध्यक्ष एवम् नगर प्रमुख श्री घनश्याम गिरिको अध्यक्षतामा १० सदस्यीय शिक्षा योजना निर्माण सल्लाहकार समिति गठन गरिएको थियो । उक्त समितिले शिक्षा योजना निर्माण गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिएको थियो। शिक्षा योजना निर्माणका क्रममा अध्ययन, अनुसन्धान तथा लेखन कार्य गर्नका लागि एकजना प्राविधिक सहजकर्ताको व्यवस्था पनि गरिएको थियो।

योजना निर्माणका लागि आवश्यक पर्ने तथ्याङ्क विद्यालयबाट सङ्कलन गर्ने व्यवस्था मिलाइएको थियो। विद्यालयहरूको भ्रमण गरी त्यहाँको भौतिक लगायत व्यवस्थापकीय पक्षको प्रत्यक्ष अवलोकन गरिनुका साथै शिक्षकहरूसँग छलफल गरिएको थियो। त्यसैगरी, नगर कार्यपालिकाको बैठकमा प्रस्तुतीकरण गरी सुझाव सङ्कलन गरिएको थियो। सुझाव सङ्कलनका लागि विभिन्न वडा कार्यालयमा गई जनप्रतिनिधिसँग छलफल गरिएको थियो। योजना निर्माणका लागि आवश्यक पर्ने बाँकी तथ्याङ्क नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS), स्वेच्छिक स्थानीय तह मूल्याङ्कन (VLR) र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनलाई उपयोग गरिएको थियो। यी सबै तथ्याङ्क सङ्कलन गरिसकेपछि यसलाई विश्लेषण गरी विभिन्न सूचकहरू बनाइएको थियो।

निर्माण भएको पहिलो मस्यौदा योजनालाई सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको बैठक, संस्थागत विद्यालयका प्रिन्सिपलहरूको बैठक, नगर कार्यपालिकाका सदस्यहरू, नगरभित्रका विद्धत वर्गसँग छलफल गरी प्राप्त पृष्ठपोषण तथा सुझावलाई समेटेर मस्यौदालाई अन्तिम रूप प्रदान गरी सामाजिक विकास समितिमार्फत् नगर शिक्षा समितिका अध्यक्ष एवम् नगर प्रमुख श्री घनश्याम गिरिलाई हस्तान्तरण गरिएको थियो। प्राप्त योजनाको मस्यौदालाई थप सुझाव र पृष्ठपोषण सहित स्वीकृति पश्चात् कार्यान्वयनमा ल्याइएको थियो।

### घ) योजनाको दस्तावेजीय स्वरूप

आठओटा परिच्छेद समावेश गरी तयार पारिएको नगर शिक्षा योजनाको पहिलो परिच्छेददेखि आठौं परिच्छेदसम्म क्रमशः परिचय; दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा लक्ष्य निर्धारण; विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र; अन्तरसम्बन्धित विषय तथा क्षेत्र; अन्य उपक्षेत्र; सुशासन तथा व्यवस्थापन; लगानी र स्रोत व्यवस्थापन; अनुगमन तथा मूल्याङ्कन राखिएको छ। पहिलो परिच्छेदभन्दा अगाडि योजनाको सारांश, विषय प्रवेश, नगर शिक्षा योजना निर्माणको औचित्य, प्रक्रिया, योजनाको दस्तावेजीय स्वरूप, विषयसूची समावेश गरिएको छ।

परिच्छेद एक

## परिचय

निश्चित अवधिभित्र शिक्षा विकासको उद्देश्य पूरा गर्न शैक्षिक लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम र ती कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्था र कार्यक्रम कार्यान्वयनबाट हासिल हुने उपलब्धिसहितको दस्तावेज नै शैक्षिक योजना हो । शैक्षिक योजनाको मुख्य उद्देश्य साधन र स्रोतको अधिकतम उपयोग गरी सबैभन्दा राम्रो शैक्षिक नतिजा हासिल गर्नु हो । यस चन्द्रागिरि नगरपालिकाको शिक्षासम्बन्धी विगतको अध्ययन र वर्तमान अवस्थाको विश्लेषण गरेर यो शिक्षा योजना बनाइएको छ । यस परिचय खण्डमा शिक्षा क्षेत्रको वर्तमान अवस्था, मुख्य मुख्य समस्या तथा चुनौति र अवसरलाई समावेश गरिएको छ ।

### १.१ वर्तमान अवस्था

### क) भौगोलिक अवस्थिति

चन्द्रागिरि नगरपालिका बागमती प्रदेश, काठमाडौं जिल्लाको दक्षिण पश्चिममा रहेको छ । यो नगरपालिका क्षेत्रफलका हिसाबले काठमाडौं जिल्लाको सबभन्दा ठूलो नगरपालिका हो । मिति २०७१ मङ्गसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम ६१ वटा नयाँ नगरपालिका थप गर्दा काठमाडौं जिल्लाको साविक थानकोट, दहचोक, नैकाप नयाँभञ्ज्याङ, वाडभञ्ज्याङ, बलम्वु, महादेवस्थान, तीनथाना, सतुङ्गल, मातातीर्थ, मच्छेगाउँ र नैकाप पूरानोभञ्ज्याङ गरी जम्मा ११ वटा गाउँ विकास समितिलाई समेटेर चन्द्रागिरि नगरपालिका बनेको हो । नगरपालिका गठन समयमा यस नगरपालिकामा २५ वटा वडा रहेकोमा राज्य पुनःसंरचना आयोगको सिफारिस बमोजिम नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७३ साल फाल्गुण २२ गतेको स्थानीय तह पुनःसंरचनासम्बन्धी निर्णयअनुसार यस नगरपालिकामा १५ वडा कायम भएको हो । (*स्रोतः चन्द्रागिरि नगरपालिकाको अभिलेख ।*)

यस नगरपालिकाको पूर्वतर्फ काठमाडौं महानगरपालिका र कीर्तिपुर नगरपालिका, पश्चिमतर्फ धादिङको धुनिवेंशी नगरपालिका, उत्तरतर्फ नागार्जुन नगरपालिका तथा दक्षिणतर्फ मकवानपुर जिल्लाको थाहा नगरपालिका र इन्द्र सरोवर नगरपालिका पर्दछ । समुद्री सतहबाट १३१० देखि २५५२ मिटरसम्मको उचाइमा यो नगरपालिका रहेको छ भने भौगोलिक अवस्थितिका हिसाबले २७$^{0}$ ३८' १०" उत्तरी आक्षांशदेखि २७$^{0}$ ४३' ३८" उत्तरी आक्षांशसम्म र ८५$^{0}$ ०६' १२" पूर्वी देशान्तरदेखि ८५$^{0}$ १६' ३०" पूर्वी देशान्तरसम्म फैलिएको छ । यो नगरपालिकाको कुल क्षेत्रफल ४३.९२ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाका प्रमुख वस्तीहरूमा दहचोक, मसिने, बाँडभञ्ज्याङ, थानकोट, खरीबोट, किसिपिडी, चेकपोष्ट, मातातिर्थ, मच्छेगाउँ, बोसिगाउँ, सतुङ्गल, बलम्बु, गुर्जुधारा, नयाँ नैकाप, पूरानो नैकाप, ढुङ्गे अड्डा, तिनथाना, मुखियागाउँ, कालापानी, घारीगाउँ, झाँगाझिटी, खहरे लगायत पर्दछन् । यस नगरपालिकामा प्रमुख धार्मिक एवम् पर्यटकीय स्थलका रूपमा मत्स्यनारायण मन्दिर, मातातिर्थ मन्दिर, इन्द्रदह, विष्णुदेवी, महालक्ष्मी, चन्दन भराटेश्वर मन्दिर, भालेश्वर मन्दिर, गणेश मन्दिर, शिव मन्दिर, मनकामना मन्दिर, चण्डिकादेवी मन्दिर, भक्तेश्वर महादेव मन्दिर, चण्डीभैरब मन्दिर, अक्षश्वरधाम मन्दिर, कपलेश्वर महादेव मन्दिर, आदिनारायण मन्दिर, कालिका पीठ मन्दिर, तिनकन्या मन्दिर, कृष्ण मन्दिर, कङ्काली मन्दिर, विन्ध्यवासिनी मन्दिर, गढी, कोतघर, स्मारक आदि रहेका छन् । (*स्रोतः चन्द्रागिरि नगरपालिकाको अभिलेख ।*)

**ख) जनसाङ्खिक संरचना**

राष्ट्रिय जनगणना २०७८ अनुसार चन्द्रागिरि नगरपालिकामा कुल घरधुरी सङ्ख्या ३५,९९४ छ । यसमध्ये सबैभन्दा बढी घरधुरी वडा नं १५ मा ३,५४६ र सबैभन्दा कम वडा नं २ मा १,२९२ रहेको छ । यहाँको कुल जनसङ्ख्या १,३६,८६० रहेको छ । यसमध्ये पुरूषको सङ्ख्या ६८,३०३ (४९.९१%) र महिलाको सङ्ख्या ६८,५५७ (५०.०९%) रहेको छ । चन्द्रागिरि नगरपालिकाका १५ वटा वडामध्ये सबैभन्दा बढी जनसङ्ख्या वडा नम्बर १२ मा १२,९७७ र सबैभन्दा कम जनसङ्ख्या वडा नं २ मा ५,२९५ रहेको छ । पुरूष र महिलाको लैङ्गिक अनुपात ९९.६३% रहेको छ । वडागत जनसङ्ख्याको विवरण अनुसूचीमा राखिएको छ भने यसको सङ्क्षिप्त झलक स्तम्भ चित्रमा तल देखाइएको छ । *(स्रोतः राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन ।)*




यस नगरपालिकाको जनसङ्ख्यालाई विश्लेषण गर्दा वडा नम्बर १,३,४,५,६,७,८,९ र १२ मा महिलाको सङ्ख्या पुरूषको भन्दा बढी भएको देखिन्छ ।

२०७८ सालको जनसङ्ख्या वृद्धिदरलाई वडागत रूपमा विश्लेषण गर्दा वडा नम्बर ४ को जनसङ्ख्या वृद्धिदर मात्र ऋणात्मक देखिन्छ भने अरू सबै वडाको जनसङ्ख्या वृद्धिदर धनात्मक रहेको छ । सबैभन्दा बढी वृद्धिदर वडा नम्बर ५ मा १३.५८ प्रतिशत रहेको छ । समग्रमा २०७८ सालमा चन्द्रागिरि नगरपालिकाको समग्र जनसङ्ख्या वृद्धिदर ६.०६ प्रतिशत रहेको छ ।



चन्द्रागिरि नगरपालिकामा अपाङ्गता भएको जनसङ्ख्या २,३५२ रहेको छ भने ५ वर्षदेखि १९ वर्ष उमेर समूहका अपाङ्गता भएका बालबालिका तथा युवाहरूको सङ्ख्या ३११ रहेको छ। विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरू भने ८८ जना रहेका छन्। अपाङ्गतासम्बन्धी विस्तृत विवरण अनुसूचीमा राखिएको छ।

उमेरका आधारमा जनसङ्ख्याको अवस्थालाई विश्लेषण गर्दा पाँच वर्षमुनीको जनसङ्ख्या ८,९०१ रहेको छ। त्यसैगरी, ९० वर्ष र सोभन्दा माथिको जनसङ्ख्या २३० रहेको छ। विभिन्न उमेर समूहअनुसारको जनसङ्ख्या विवरण अनुसूचीमा राखिएको छ र समग्र स्थिति तल ग्राफमा प्रस्तुत गरिएको छ। *(स्रोतः राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन )*




माथिको ग्राफलाई विश्लेषण गर्दा सबैभन्दा बढी जनसङ्ख्या २५-२९ वर्ष उमेर समूहको रहेको छ। सो उमेर समूहभन्दा अगाडि र पछाडिको जनसङ्ख्या क्रमशः घट्दै गइरहेको छ, तर घट्ने क्रम २५-२९ वर्ष उमेर समूहभन्दा पहिले विस्तारै र सोभन्दा पछि तीव्र देखिन्छ।

## ग) सामाजिक तथा सांस्कृतिक अवस्था

बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक सम्पदा रहेको यस चन्द्रागिरि नगरपालिका ऐतिहासिक, धार्मिक, पूरातात्विक महत्त्वका दृष्टिले सम्पन्न छ। यहाँ ७५ भन्दा बढी जातजातीको बसोबास रहेको छ। यहाँको जातजातिगत विवरण अनुसूचीमा राखिएको छ भने जनसङ्ख्याको जातजातिगत बनोटलाई तल वृतचित्रमा प्रस्तुत गरिएको छ।



जातजातिमा विविधता रहे जस्तै धार्मिक हिसाबले पनि विभिन्न धर्म मान्ने व्यक्तिहरूको साझा चौतारीका रूपमा चन्द्रागिरि नगरपालिका रहेको छ । यहाँ हिन्दु, बौद्ध, क्रिश्चियन, इश्लाम, किराँत, प्रकृति, बोन, शिख र जैन धर्मावलम्बीहरू बसोबास गर्दछन् । विभिन्न धर्माबलम्बीहरूका बिचको धार्मिक सहिष्णुता यहाँको विशेषता हो । विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण अनुसूचीमा राखिएको छ र केही प्रमुख धर्मावलम्बीहरूको विवरण यहाँ वृतचित्रमा राखिएको छ । (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।*)




यस नगरपालिकामा विभिन्न ९ किसिमका धर्मावलम्बीहरू बसोबास गरे तापनि झण्डै ८७ प्रतिशत जनसङ्ख्याले भने हिन्दु धर्म मान्दछन् ।

मातृभाषाका दृष्टिकोणले पनि चन्द्रागिरि नगरपालिकामा विविधता पाइन्छ । फरक फरक जातिहरूका बिचमा कुराकानी गर्नुपर्दा नेपाली माषाको प्रयोग गरे तापनि आफ्नै परिवार र जातिका बिचमा कुराकानी गर्दा मातृभाषाको प्रयोग भएको पाइन्छ । यहाँ नेपाली, नेपाल भाषा, तामाङ, मगर ढुट, मैथिली, भोजपुरी, थारू, गुरूङ, राई, हिन्दी, याक्थुङ, मगर खाम, डोटेली लगायतका ४२ भन्दा बढी मातृभाषीहरू बसोबास गर्दछन् । यस नगरपालिकाको मातृभाषागत विवरण अनुसूचीमा राखिएको छ र केही मुख्य मातृभाषाको संरचनागत विवरण तल ग्राफमा देखाइएको छ । (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।*)



माथिको ग्राफलाई विश्लेषण गर्दा विभिन्न मातृभाषीहरू यस नगरपालिकामा बसोबास गरे तापनि बाहुल्यता भने नेपाली भाषा कै रहेको देखिन्छ। दोस्रो र तेस्रो मातृभाषामा नेपाल भाषा र तामाङ भाषा रहेको छ। यस तथ्यले कुनै पनि विद्यालयमा एउटा मात्र मातृभाषी विद्यार्थी रहन नसक्ने अवस्थालाई इङ्गित गर्छ।

चन्द्रागिरि नगरपालिका जातजाति, धर्म र भाषाका हिसाबले धनी नगरपालिका हो। जातजाति अनुसार चाडपर्व, रहनसहन र भेषभुषा पनि फरक फरक पाइन्छ। देसका विभिन्न भागबाट बसाइ सरेर यहाँ बसोबास गर्ने मानिसहरू प्रशस्त रहेकाले देशका विभिन्न भागको संस्कृतिको झलक यहाँ हेर्न र अनुभव गर्न पाइन्छ। यहाँका मुख्य चाडपर्व तथा जात्राहरू दसैं, तिहार, रामनवमी, शिवरात्री, चैतेदसै, कुशे औंशी, कृष्ण जन्माष्टमी, म्हपुजा, सित्यनाथ, ल्होसार, यमरी पुन्य, सामा चखेवा, मतातिर्थ औंसी, सातगाउँले जात्रा, मच्छेनारायण मेला, इन्द्र जात्रा, महालक्ष्मी जात्रा हुन्।

**घ) आर्थिक अवस्था**

चन्द्रागिरि नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरू कृषि, व्यापार, उद्योग, सरकारी सेवा, अध्यापन/ प्राध्यापन लगायतका औपचारिक तथा अनौपचारिक सिपयुक्त पेसामा कार्यरत रहेका छन्। कतिपय व्यक्तिहरू आफै व्यवसाय सञ्चालन गरी अरूलाई रोजगारीको अवसरसमेत प्रदान गरिरहेका छन्।

**ङ) शैक्षिक अवस्था**

चन्द्रागिरि नगरपालिकामा जम्मा १२३ वटा शिक्षण संस्थाहरू रहेका छन्। तीमध्ये २४ वटा सामुदायिक विद्यालय, ९३ वटा संस्थागत विद्यालय, चार ओटा अनौपचारिक तथा वैकल्पिक विद्यालय र दुई ओटा धार्मिक विद्यालय रहेका छन्। धार्मिक विद्यालयमध्ये दुई ओटा विद्यालयमा गुरूकूल शिक्षा सञ्चालन भइरहेको छ। यहाँ एउटा सामुदायिक सिकाइ केन्द्र रहेको छ। यहाँ प्राविधिक धार सञ्चालित विद्यालय दुई ओटा रहेका छन् भने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को आङ्गिक शिक्षालय रहेको छ। एउटा विद्यालयमा CTEVT तर्फको ३ वर्षे डिप्लोमा र अर्को एउटा विद्यालयमा प्राविधिक सीप शिक्षा शुरू भएको छ। यहाँ दुईओटा सामुदायिक क्याम्पस पनि रहेका छन्।

यस नगरपालिकामा बालविकास तहमा ४० जना, आधारभूत तह (१-५) मा १९० जना, आधारभूत तह (६-८) मा १०२ जना, माध्यमिक तह (९-१०) मा ९२ जना, माध्यमिक तह (११-१२) मा २९ जना र प्राविधिक धारतर्फ २३ जना शिक्षकहरू कार्यरत हुनुहुन्छ। त्यसैगरी, विद्यालय कर्मचारीतर्फ भने लेखा सहायक कर्मचारी १७ जना, सहयोगी कर्मचारी २३ जना रहेका छन्।

सामुदायिक विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म ११,२६४ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन्, जसमध्ये छात्र ५,७०२ (५०.६२%) र छात्रा ५,५६२ (४९.३८%) रहेका छन्। संस्थागत विद्यालयतर्फ भने बालविकासदेखि कक्षा १२ सम्ममा कुल २५,०६५ जना विद्यार्थीले अध्ययन गरिरहेका छन्, जसमध्ये छात्र १३,८३१ र छात्रा ११,२३४ जना रहेका छन्। यो सङ्ख्या क्रमशः ५५.१८% र ४४.८२% हुन जान्छ। यसको अलावा अनौपचारिक तथा वैकल्पिक विद्यालयमा ३०४ जना र धार्मिक तथा परम्परागत विद्यालयमा १५६ जना विद्यार्थीले अध्ययन गर्दछन्। यस नगरपालिकाभित्रका सामुदायिक, संस्थागत र अन्य विद्यालयमा गरी जम्मा ३६,८०० जना विद्यार्थीहरू अध्ययनरत छन्। यसमध्ये छात्रको सङ्ख्या १९,७४० (५३.६४%) र छात्रा १७,०६० (४६.३६%) रहेका छन्।

यस नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा ८,७२३ जना, आधारभूत तह (कक्षा १-५) मा १४,१३१ जना, आधारभूत तह (कक्षा ६-८) मा ७,७९५ जना र माध्यमिक तह (कक्षा ९-१२) मा ६,१५१ जना विद्यार्थीहरूले यहाँका सामुदायिक, संस्थागत र अन्य विद्यालयमा अध्ययन गरिरहेका छन् । यसरी हेर्दा प्रारम्भिक बालविकास तथा शिक्षामा सहजै देखिने तथा खुद भर्नादर क्रमशः १३५.६ प्रतिशत र ९९.५४ प्रतिशत रहेको छ । आधारभूत तहको सहजै देखिने भर्नादर र खुद भर्नादर क्रमशः १२६.४ प्रतिशत र ९९ प्रतिशत रहेको पाइन्छ । उता माध्यमिक तह कक्षा ९-१० मा सहजै देखिने भर्नादर १०५.१९ प्रतिशत र खुद भर्नादर ७९.५९ प्रतिशत रहेको तथ्याङ्क विश्लेषणबाट हेर्न सकिन्छ । यहाँका विद्यालयहरूले ३,४ वर्षको बालविकास तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गरिरहेका छन् भने यातायातको सुगमताका कारणले यहाँका केही विद्यार्थीहरू छिमेकी नगरपालिकाका विद्यालयहरूमा अध्ययन गर्न जाने गरेका छन् । यही कारणले नै यस नगरपालिको विभिन्न तहमा खुद भर्नादर अपेक्षित मात्रामा उच्च देखिदैन ।

यस नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा ५६४ वटा कोठाहरू रहेका छन् थप ६८ वटा कक्षाकोठाहरू र फर्निचर अपुग रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गर्दा राष्ट्रिय औसतभन्दा माथि रहेको देखिन्छ । (*स्रोतः चन्द्रागिरि नगरपालिकाको अभिलेख ।*)

चन्द्रागिरि नगरपालिकाको ५ वर्ष माथिको कुल जनसङ्ख्या १,२७,९५९ रहेको छ । यसमध्ये पुरूष ६३,५२५ र महिला ६४,४३४ रहेका छन् । यो सङ्ख्या मध्ये ५९,३७१ पुरूष र ५२,२९५ महिला साक्षर रहेका छन् । यसरी हेर्दा यहाँ ५ वर्ष माथिका ९३.४६ प्रतिशत पुरूष र ८१.१६ प्रतिशत महिला साक्षर रहेको तथ्याङ्कले देखाउछ । त्यसैगरी, १५-६० वर्ष उमेर समूहको जनसङ्ख्या ९६,३४९ मध्ये पुरूष ४७,०९८ र महिला ४९,२५१ रहेका छन् । यसमध्ये पुरूष ४४,५४३ र महिला ४१,६७० गरी कुल ८६,२१३ जना साक्षर छन् । साक्षरताको प्रतिशत हेर्दा पुरूष ९४.५८ प्रतिशत र महिला ८४.६१ प्रतिशत गरी कुल ८९.४८ प्रतिशत रहेको देखिन्छ । साक्षरताको वडागत अवस्थालाई अनुसूचीमा राखिएको छ भने ग्राफलाई तल प्रस्तुत गरिएको छ । (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।*)




नगरपालिकाले साक्षर हुन बाँकी रहेका करिब ११ प्रतिशत नगरबासीहरूलाई साक्षर बनाउनु पर्ने देखिन्छ । यद्यपी नगरपालिका वि.स. २०७६ सालमा साक्षर नगरपालिका घोषणा भइसकेको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतिको विश्लेषण

यस चन्द्रागिरि नगरपालिका देशकै राजधानीमा रहेको र विशेष गरी उपत्यका प्रवेश गर्ने प्रमुख नाका रहेको नगरपालिका हो। यहाँ शिक्षाको विकासका लागि उल्लेखनीय कार्य गरिएका छन्। यसो हुँदा हुँदै पनि यहाँको शिक्षा क्षेत्रमा केही समस्या पनि रहेका छन्। विद्यालय उमेरका अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिता पूर्ण रूपले सुनिश्चित हुन नसक्नु; विद्यालय भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न तथा विद्यालय तहको शिक्षा पूरा गराउन नसक्नु; प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ आकर्षणमा कमी आई निर्धारित कोटा पूरा नहुनु; विद्यालयमा बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री पूर्वाधार तथा सिकाइ वातावरण पूर्ण रूपमा निर्माण नहुनु; आधुनिक सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्ने क्षमता सबै शिक्षकमा विकास नहुनु र सिकाइ सामग्रीको प्रयाप्त मात्रामा प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाउन नसकेका कारणले उपलब्धिस्तरमा अपेक्षाकृत सुधार हुन नसक्नु; १५-६० वर्ष उमेर समूहका सतप्रतिशत नगरवासीलाई साक्षर बनाउन नसकिनु आदि यस नगरपालिकाको शिक्षा क्षेत्रका प्रमुख समस्याहरू हुन्।

भाषिक, आर्थिक, अपाङ्गता र सिकाइ गतिका वाबजुद सबै बालबालिकालाई गुणस्तरीय सिकाइको अवसर प्रदान गर्नु; अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षा सुनिश्चितता गर्नु; सिकाइ आवश्यकतामा विविधताका कारणले आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु; सार्वजनिक शिक्षाप्रति स्थानीय समुदायको अपनत्व र विश्वास स्थापित गर्नु आदि यस नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख चुनौति हुन्।

## १.३ अवसर

यस नगरपालिकामा उल्लिखित चुनौतिका बाबजुद प्रशस्त अवसर पनि रहेका छन्। आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानूनी र नीतिगत व्यवस्था हुनु; संविधानले शिक्षालाई तिनओटै सरकारको साझा अधिकारभित्र समावेश गरेकाले तिनओटै सरकारले लगानी गरी गुणस्तर सुधार गर्न सक्ने संभावना हुनु; स्थानीय सरकार सञ्चालन ऐनले विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गर्नु; सूचना तथा सञ्चार प्रविधिको तीब्र गतिमा विस्तार हुनु; नजिक नजिक विद्यालय रहेका कारणले बालबालिकाले विद्यालय छनोट गरी अध्ययन गर्ने अवसर हुनु; स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई हुनु; विभिन्न राजनैतिक दल र नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु; कोभिडका कारणले वैकल्पिक माध्यमबाट शिक्षा आर्जनको अभ्यास हुनु; ५ वटा प्राविधिक धारको पठनपाठन गर्ने संस्थाहरू यस नगरपालिकामा हुनु; २ वटा उच्च शिक्षाको अध्यापन गर्ने सामुदायिक क्याम्पस हुनु; शिक्षा विकासका लागि विभिन्न सङ्घ संस्थाहरूको सहभागिता हुनु यस नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख अवसरहरू हुन्।

परिच्छेद दुई

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ शिक्षा योजना निर्माणको आधार

यस नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा देहायका आधारहरू लिइएका छन् :

### २.१.१ संवैधानिक प्रावधान

नेपालको संविधानको **धारा ३१** ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक; आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक; अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक; दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक; नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ भनी व्यवस्था गरेको छ।

संविधानको **धारा ३९** मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास; प्रारम्भिक बालविकास तथा बाल सहभागिता; असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकका साथै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी बालबालिकाको हकको व्यवस्था गरेको छ।

**धारा ४०** को उपधारा २ मा  दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्थाका साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ भनी दलितको हकको व्यवस्था गरेको छ।

आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षतामा विशेष अवसर तथा लाभ पाउने; नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने छ भनी नेपालको संविधानको **धारा ४२** मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ।

नेपालको संविधानको **धारा ५१** मा राज्यका नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने; शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने; उच्च शिक्षालाई

सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने; नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने उल्लेख भएको छ।

### २.१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज मा स्थानीय तहको शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। जसअनुसारः

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभतू शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन
४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामाकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभतू तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्यूसन, कोचिङ् जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माणसम्बन्धी) ले देहायको व्यवस्था गरेको छः

१. स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।

२. प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।

३. सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तह मार्फत् कार्यान्वयन हुने गरी गर्ने छ र त्यस्तो आयोजना प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७

१. **दफा ६:** प्रत्येक स्थानीय तहमार्फत् राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ। चार वर्ष उमेर पूरा भएपछि कम्तिमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

२. **दफा १४:** पायक पर्ने विद्यालय उपलब्ध नभएको वा अन्य कुनै कारणले विद्यालयमा भर्ना भई पूरा समय अध्ययन गरी आधारभूत तहको शिक्षा प्राप्त गर्न नसक्ने बालबालिकालाई त्यस्तो तहसम्मको वैकल्पिक शिक्षा प्राप्त गर्ने अधिकार हुने छ।

३. **दफा १५:** (१) विद्यालयमा भर्ना भई नियमित रूपमा अध्ययन गर्न नसक्ने बालबालिकालाई माध्यमिक तहको शिक्षा अनौपचारिक वा खुला विद्यालयबाट प्रदान गर्न सकिने छ। (२) नेपाल सरकारले स्थानीय तहमार्फत् माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यकताका आधारमा अनौपचारिक वा खुला विद्यालय स्थापना एवम् सञ्चालन गर्ने व्यवस्था गर्ने छ।

४. **दफा १६:** परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरूकूल, गुम्बा वा मदरसा जस्ता संस्था सञ्चालन गरी बालबालिकालाई शिक्षा प्रदान गर्न सकिने छ। यस्ता संस्था स्थानीय तहमा दर्ता गर्नुपर्ने छ।

५. **दफा १७:** आधारभूत तह पूरा गरेको प्रत्येक नागरिकलाई प्रचलित कानुन बमोजिम माध्यमिक शिक्षा वा सो सरहको प्राविधिक शिक्षा प्राप्त गर्ने अधिकार हुने छ।

६. **दफा १८:** कुनै स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका भएमा त्यस्ता बालबालिकाको आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य कुराको व्यवस्था गर्ने जिम्मेवारी स्थानीय तहको हुने छ।

७. **दफा २०:** प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार हुने छ । निःशुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले यो ऐन तथा अन्य प्रचलित कानुन बमोजिमका शर्त पालना गर्नु पर्नेछ ।

८. **दफा २२:** (१) स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न सार्वजनिक विद्यालयमा भर्ना भएका आर्थिक रूपमा विपन्न बालबालिकालाई आवश्यक पर्ने कापी, कलम लगायतका शैक्षिक सामग्री प्रदान गर्न सक्नेछ । (२) स्थानीय तहले आधारभूत तहसम्म शिक्षा प्रदान गर्ने सार्वजिनक विद्यालयका लागि तोकिए बमोजिम आवश्यक प्रयोगशाला, अतिरिक्त क्रियाकलाप सामग्री, खेल सामग्री, खेलकुद पूर्वाधार, कम्प्युटर तथा सूचना प्रविधिको पहुँचको व्यवस्था गर्नु पर्नेछ ।

९. **दफा २३:** मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सुचकाङ्कभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिक रूपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकालाई सम्बन्धित स्थानीय तहले आधारभूत तहसम्मको शिक्षा प्राप्त गर्न तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

१०. **दफा २४:** स्थानीय तहले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रचलित कानुन बमोजिम सञ्चालित स्वास्थ्य संस्थासँग सहकार्य गरी स्वास्थ्य परामर्श तथा उपचार सम्बन्धी आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

११. **दफा २५:** मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सुचकाङ्कभन्दा पछाडि परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिक रूपले विपन्न वा अपाङ्गता भएका नागरिकको परिवारका बालबालिकालाई पठनपाठनमा निरन्तरता दिनका लागि नेपाल सरकारले स्थानीय तहमार्फत् तोकिए बमोजिम दिवा खाजा वा दिवा खाजा खर्च उपलब्ध गराउन सक्नेछ ।

### २.१.५ सोह्रौं योजना

सोह्रौं योजनाको कार्यनीति तथा कार्यक्रममा देहायअनुसारको व्यवस्था गरिएको छः

१. व्यावहारिक ज्ञान र सिप विकासका लागि इन्टर्नसिप, पढ्दै कमाउँदै लगायतका क्रियाकलापलाई पाठ्यक्रम मै समावेश गर्ने ।

२. अङ्ग्रेजी, गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने ।

३. विद्यालय तहदेखि नै खेलकुद तथा कलाका साथै योग र ध्यानलाई अतिरिक्त क्रियाकलापका रूपमा समावेश गर्ने ।

४. प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी कार्यक्रमलाई सबै स्थानीय तहसम्म पुर्‍याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

५. सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चित गर्ने ।

६. प्रधानाध्यापक र शिक्षकको पेसागत विकासको व्यवस्था गर्ने ।

७. शिक्षक विद्यार्थी अनुपातको पुनरावलोकन गरी विषयगत आधारमा न्युनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने ।

८. आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृति, रहनसहन, स्वावलम्बन विकास हुने गरी परिमार्जन गर्ने ।

९. नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोग पुग्ने र बालमनोविज्ञान अनुकूल हुनेगरी पाठ्यक्रम अद्यावधिक गर्ने ।

१०. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रबन्ध गर्ने ।

११.विद्यार्थी सङ्ख्या तथा भौगोलिक दुरीलाई दृष्टिगत गरी विद्यालयहरूलाई गाभ्ने र आवश्यकता अनुसार आवासीय विद्यालयको व्यवस्था गर्ने ।

१२.स्थानीय तहमार्फत् शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रबन्ध गर्ने ।

१३.सदाचारी जनशक्ति उत्पादन गर्न गुरूकूल, आश्रम, गुम्बा, मदरसा जस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण गर्ने ।

१४.माध्यमिक शिक्षा परीक्षा दिएर वसेका विद्यार्थीलाई आठ हप्ता अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाक शिक्षा र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्म सुरक्षा तथा अनुशासन, कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार, राष्ट्रप्रेम, स्वयम् सेवा र योग, ध्यान तथा कला लगायतका व्यावहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयमा अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

१५.प्रयाप्त शिक्षकको व्यवस्थासहित न्युनतम् पूर्वाधारयुक्त शैक्षिक संस्थाका लागि भूकम्प प्रतिरोधी स्मार्ट कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, स्वच्छ पिउने पानीसहितको शौचालयको व्यवस्था गर्नुका साथै शैक्षिक संस्थाको विस्तृत तथ्याङ्क तयार गर्ने ।

१६.विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालय मै उपलब्ध गराउने ।

१७.प्रारम्भिक सिकाइलाई खेलकुदसँग जोडेर शिक्षा प्रणालीको विकास गर्ने ।

१८.आधारभूत र माध्यमिक विद्यालयहरूमा साताको एक दिन अनिवार्य खेलकुदका कार्यक्रम राख्ने र क्रमशः प्रतिस्पर्धात्मक बनाउँदै लैजाने ।

१९.विद्यालयमा खेलकुद शिक्षकको दरबन्दी अनिवार्य गर्ने साथै विद्यार्थीलाई खेलकुद प्रतिस्पर्धा गराउन आवश्यक व्यवस्था मिलाउने ।

२०.सन्तुलित रूपमा खेलकुद पूर्वाधार विकासका लागि सबै स्थानीय तहमा एक एक वटा खेलग्रामसहित प्रशिक्षणको व्यवस्था गर्ने ।

यसका साथै विद्यालय शिक्षा क्षेत्र योजना, (२०२२-२०३२); शिक्षा ऐन, २०२८ एवम् नियमावली, २०५९; नगर शिक्षा ऐन, २०७५; राष्ट्रिय शिक्षा नीति, २०७६; शिक्षाको सोचपत्र; २०७९, दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा; स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८; राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन; चन्द्रागिरि नगरपालिकाको आवधिक योजना; राजनितिक दलहरूले जनतासमक्ष गरेको शिक्षासम्बन्धी प्रतिवद्धता; नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम; स्थानीय स्वेच्छिक मूल्याङ्कन प्रतिवेदन (चन्द्रागिरि नगरपालिका); विद्यालयहरूद्वारा निर्माण गरिएको विद्यालय सुधार योजना र नगरको शिक्षाको अवस्था, समस्या, उपलब्ध स्रोत साधनलाई पनि आधार बनाएर यो शिक्षा योजना तयार गरिएको हो ।

## २.२ दूरदृष्टि

नवप्रवर्तनशील, पर्यटनमुखी, स्वाबलम्बी एवम् संस्कारयुक्त शिक्षाको अभिवृद्धि; चन्द्रागिरि नगरपालिकाको समृद्धि ।

## २.३ लक्ष्य

शिक्षाको गुणस्तर अभिवृद्धि गरी प्रविधिमैत्री, सिर्जनशिल, चरित्रवान र क्षमतावान जनशक्ति निर्माणमा योगदान गर्ने ।

## २.४ उद्देश्य

१. प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको सहज पहुँचको सुनिश्चितता गरी गुणस्तर अभिवृद्धि गर्नु,
२. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चितताका साथसाथै गुणस्तर अभिवृद्धि गर्नु,
३. माध्यमिक शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्नु,
४. विद्यालय शिक्षाको सबै तह र विषयमा विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्नु,
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा इच्छुक सबैको समावेशी तथा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धि गर्नु,
६. अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर विस्तार गर्नु,
७. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अवसर बढाउनु,
८. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्नु,
९. भाषा, संस्कृति र कलाको संरक्षण एवम् सम्बर्द्धनमा सहयोग गर्नु,

## २.५ रणनीति

उल्लिखित उद्देश्य पूरा गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छः

१. प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच विस्तार गर्नका लागि कक्षा १ मा भर्ना हुन बालविकासको अनुभव अनिवार्य गर्ने ।
२. सिकाइमा सुधार गर्न सुविधा सम्पन्न बालविकास कक्षाको व्यवस्थाका साथसाथै सहजीकरणमा नविनतम प्रविधिको उपयोग गर्ने ।
३. आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना तथा तह पूरा गराउनै पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने ।
४. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
५. STEAM Education लाई विद्यालय शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गर्ने ।
६. उपलब्धिस्तरमा सुधार गर्नका लागि स्मार्ट शैक्षिक कार्यक्रमको कार्यान्वयन गर्ने, विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने र शिक्षक तथा प्रधानाध्यापकलाई थप जिम्मेवार बनाउने ।
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा आकर्षण र गुणस्तर बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
८. साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर अभिवृद्धि गर्ने ।
९. सामुदायिक सिकाइ केन्द्रको विस्तार एवम् संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने ।

१०. आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी आवश्यक तयारी र अभ्यास गराउने ।

११. विद्यालयको प्रत्यक्ष सरोकारवालाको क्षमता अभिवृद्धि गरी शैक्षिक विकास एवम सुशासनका लागि जिम्मेवार बनाउने ।

१२. कार्यसम्पादन करारको रणनीतिलाई निरन्तरता दिँदै व्यवस्थित गर्ने ।

१३. भाषा, संस्कृति र कलाको संरक्षण एवम् सम्बर्द्धन गर्न प्रतिस्पर्धात्मक तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

## २.६ कार्यनीति

उल्लिखित रणनीति कार्यन्वयनका क्रममा देहायका कार्यनीतिहरू अबलम्बन गरिने छः

१. विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थाका आधारमा बालविकास कक्षा/केन्द्र र विद्यालयको नक्साङ्कन गरी कक्षा/तह तथा विद्यालय थपघट तथा समायोजन गरिने छ ।

२. बालविकास उमेर समूहका सबै बालबालिकाका लागि प्रारम्भिक बालविकास तथा शिक्षालाई अनिवार्य गर्ने नीतिगत निर्णय गरी अभिभावकलाई सुसूचित गरिने छ ।

३. सबै बालविकास कक्षा तथा बालविकास केन्द्र निर्धारित एउटै मापदण्डका आधारमा सञ्चालनको व्यवस्था मिलाइने छ ।

४. सिकाइ सामग्री, खेल सामग्री र मनोरञ्जन सामग्री व्यवस्था गरी बालमैत्री शिक्षण गरिने छ । बालविकास कक्षाको सहजीकरणमा नविनतम् प्रविधिको उपयोगलाई विस्तार गरिने छ ।

५. बालविकासका सहजकर्ताका लागि प्रविधिमैत्री तालिमको व्यवस्था गरिने छ भने अभिभावकका लागि सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

६. एक वडा एक नमुना बालविकास केन्द्र / कक्षाको व्यवस्था गरिने छ ।

७. आफ्नो परिवारका बालबालिकालाई विद्यालय भर्ना गरी आधारभूत तह पूरा नगराउने अभिभावकलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा कटौतिसमेत गर्न सकिने गरी कानुन निर्माण गरी कार्यान्वयन गरिने छ ।

८. विद्यालय उमेरका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गर्न विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

९. विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, गणितलगायत अरू विषयगत प्रयोगशालाका साथै पुस्तकालयको व्यवस्था गरी अधिकतम उपयोग गर्ने व्यवस्था मिलाइने छ ।

१०. शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न तालिम लगायतका कार्यक्रम सञ्चालन गरिने छ ।

११. कक्षा शिक्षणलाई जीवन्त र उपलब्धिमूलक बनाउन विद्यार्थी केन्द्रित क्रियाकलापका साथै आधुनिक प्रविधिको अधिकतम उपयोग गरी शिक्षण गर्ने वातावरण मिलाइने छ ।

१२. संस्थागत विद्यालयका शिक्षकहरूलाई साझेदारीमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

१३. दरबन्दी मिलान कार्यलाई निरन्तरता दिई विद्यार्थी शिक्षक अनुपात उच्च रहेका र दरबन्दी न्युन रहेका विद्यालयमा सिकाइ व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिने छ।

१४. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई समयानुकूल वैज्ञानिक ढङ्गले खोजमुलक कार्यमा संलग्न गराउन STEAM कार्यक्रम लागू गरिने छ। यसका लागि शिक्षकको क्षमता अभिवृद्धि गरिने छ।

१५. समुदाय-प्रहरी साझेदारी कार्यक्रम मार्फत् लागुपदार्थ दुर्व्यसनविरूद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तरदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। साथै विद्यालयमा बाल मनोपरामर्श कार्यक्रम लागु गर्न प्रोत्साहन गरिने छ।

१६. आफुले पढाउने विषयको उपलब्धिस्तरका लागि शिक्षकलाई जिम्मेवार बनाइने छ।

१७. विद्यालयमा योजनाबद्ध शिक्षण, सिकाइ सामग्रीको सङ्कलन, निर्माण र प्रयोगमा शिक्षकलाई उत्प्रेरित गरिने छ।

१८. अनुभवको आदान प्रदानबाट सिकाइमा राम्रा अभ्यासको हस्तान्तरण गर्न प्रधानाध्यापक तथा शिक्षकलाई विद्यालयको अवलोकन भ्रमण गराइने छ भने सम्पूर्ण नगरपालिकाका शिक्षक तथा विद्यालय कर्मचारीहरूको सहभागिता हुने गरी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

१९. विद्यालयहरूमा स्मार्ट कार्डसहितको इ-हाजिरी, स्मार्ट टिभी, इन्टऱ्याक्टिभ बोर्ड, इ-पुस्तकालय लगायतका प्रविधिमा आधारित डिजिटल उपकरणको व्यवस्था गरी अधिकतम उपयोग गर्ने व्यवस्था मिलाइने छ।

२०. सूचना प्रविधिको अधिकतम उपयोग गर्दै शिक्षण गर्न आवश्यकता अनुसार शिक्षकहरूमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

२१. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी सिकाइ सामग्री विकास गरी उपयोग गर्ने व्यवस्था मिलाइने छ।

२२. सह तथा अतिरिक्त कार्यकलाप योजना निर्माण गरी विद्यार्थीको तह, लिङ्ग र अपाङ्गता भएका विद्यार्थीको सहभागिता हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

२३. यस नगरपालिकाभित्रका जनप्रतिनिधी, कर्मचारी र शिक्षकका बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना गर्न प्रोत्साहित गरिने छ।

२४. सिकाइमा सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिने छ।

२५. सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न तथा असहाय विद्यार्थीलाई लक्षित गरी विशेष सहायता कार्यक्रम सञ्चालन गरिने छ भने संस्थागत विद्यालयमा अध्ययन गर्ने जेहेन्दार, विपन्न तथा असहाय विद्यार्थीलाई लक्षित गरी संस्थागत विद्यालयबाट नियमानुसार वितरण गरिने छात्रवृत्तिलाई व्यवस्थित गरिने छ।

२६. दिवा खाजा कार्यक्रमलाई समय सापेक्ष रूपमा सुधार गरी अझ व्यवस्थित र थप प्रभावकारी बनाइने छ।

२७. शैक्षिक समताको सुनिश्चितताका लागि सामुदायिक विद्यालयका छात्राहरूलाई सेनेटरी प्याड निःशुल्क वितरण गरिने छ।

२८. विद्यार्थीको प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू नगरस्तरीय प्रतियोगिताका रूपमा सञ्चालन गरिने छ। साथै जिल्ला, प्रदेश र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता हुन प्रोत्साहित गरिने छ।

२९. विद्यालयमा खेलकुद, सङ्गित तथा नृत्य प्रशिक्षण गर्न घुम्ति प्रशिक्षकको व्यवस्थापनका लागि आवश्यक मापदण्ड विकास गरी कार्यान्वयन गरिने छ।

३०. आधुनिक सूचना प्रविधिको प्रशिक्षण एवम् व्यवस्थापनका लागि कम्प्युटर शिक्षक व्यवस्था गरी विद्यालयमा परिचालन गरिने छ।

३१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई नगरपालिकाको गौरवको प्रतियोगिताका रूपमा सञ्चालन, व्यवस्थापन गरिने छ।

३२. वार्षिक रूपमा राष्ट्रिय, प्रादेशिक र नगर स्तरीय खेलकुद प्रतियोगिता महोत्सवका रूपमा आयोजना गरिने छ। साथै, अपाङ्गता भएका बालबालिकालाई समेत सहभागी गराई खेल प्रतियोगिता सञ्चालन गरिने छ।

३३. सामुदायिक विद्यालयमा "एक विद्यालय एक जीवनोपयोगी सिप" विकासका लागि प्रशिक्षणको व्यवस्था मिलाइने छ।

३४. पिछडिएको वर्ग, क्षेत्र र समूहलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा आकर्षण गर्न छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ।

३५. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिका तथा युवाहरूका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ।

३६. सामुदायिक सिकाइ केन्द्र थप्नुका साथै संस्थागत क्षमता विकास गरी आजीवन सिकाइ थलोका रूपमा रूपान्तरण गरिने छ।

३७. कुनै घर परिवारमा निरक्षर व्यक्ति भए परिवारकै सदस्यले साक्षर बनाउने र निरक्षररहित परिवार स्वघोषित गर्ने व्यवस्था मिलाइने छ।

३८. पारिवारिक साक्षरता कार्यक्रम सञ्चालन गर्न नसक्ने परिवारका सदस्यलाई साक्षर बनाउन सामुदायिक सिकाइ केन्द्र, सामुदायिक क्याम्पसका शिक्षण प्रशिक्षार्थी, स्वयम् सेवी शिक्षक तथा अन्य साझेदार सङ्घ संस्थालाई परिचालन गरिने छ।

३९. समाजको सम्पत्तिका रूपमा रहेको ज्ञान, सिप र प्रविधिलाई प्रबर्द्धन र पुस्तान्तरणका लागि समाजका अनुभवी व्यक्तिहरू परिचालन गरी जीवन जिउने कला, गृहिणी, जीवनोपयोगी शिक्षालगायतका विषय क्षेत्रमा अनुभव आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ।

४०. अनौपचारिक र अनुभवबाट सिकेको ज्ञानको परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने छ।

४१. विपत्को क्षेत्रमा कार्य गर्ने सङ्घसंस्था र निकायहरूसँग समन्वय गरी वडा र विद्यालयमा संयन्त्र विकास गरिने छ।

४२. नगरभित्रका शिक्षालयहरूलाई असर पार्न सक्ने विपत्को पूर्वानुमान गरी यस्तो अवस्थामा शिक्षालाई निरन्तरता दिन पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी योजना निर्माणका लागि सम्बद्ध निकायहरूसँग समन्वय गरी आवश्यक तयारी र अभ्यास गराइने छ।

४३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकको क्षमता विकास गरी विद्यालय सुशासनका लागि जिम्मेवार बनाइने छ।

४४. शिक्षाको स्तर अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

४५. शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायी बनाउन स्काउट, रेडक्रस तथा राष्ट्रिय सेवा दल जस्ता सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ।

४६. प्रभावकारी व्यवस्थापनका लागि शिक्षा, युवा, तथा खेलकुद सम्बन्धी आवश्यक पर्ने थप ऐन, कानुन तथा कार्यविधि तयारी एवम् परिमार्जन गरिने छ।

४७. सम्बन्धित सरोकारवालाहरूसँग प्रत्यक्ष जोडिनका लागि जनप्रतिनिधिसँग बालबालिका कार्यक्रमलाई निरन्तरता दिनुका साथै शिक्षक र विद्यालय व्यवस्थापन समितिसँग समेत प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।

४८. बालमैत्री स्थानीय शासनका लागि बालबचाउ, बाल संरक्षण, बाल विकास, बालसहभागिता र संस्थागत विकासका सूचकहरूलाई दृष्टिगत गरी बालमैत्री पूर्वाधार विकास र निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।

४९. विद्यालय हाताभित्र वृक्षरोपण, करेसाबारी निर्माण तथा फुलबारी व्यवस्थापनका साथै सरसफाइ कार्यलाई प्रोत्साहित गरी हरित विद्यालयका रूपमा विकसित गरिने छ।

५०. विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीहरूको डिजिटल हाजिरीलाई व्यवस्थित गरिने छ र उक्त हाजिरीको विवरणका आधारमा निर्धारित समयमा विद्यालयमा हाजिर नहुने शिक्षक तथा कर्मचारीलाई सचेत गराइने छ।

५१. नगर भित्रका सामुदायिक विद्यालयहरूमा एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी परीक्षा, मूल्याङ्कन तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन व्यवस्थापन गरिने छ।

५२. विद्यालयको शैक्षिक उपलब्धिको स्तरोन्नतीका लागि अनुमगन, सुपरीवेक्षण तथा निरीक्षणलाई प्रभावकारी बनाउन प्रविधिको साथ लिनुका साथै नगरस्तरीय संरचना बनाइने छ।

५३. सबै विद्यालयका प्रधानाध्यापकहरूलाई नगरपालिकाले र सबै शिक्षकहरूलाई प्रधानाध्यापकले कार्यसम्पादन करार गराउने कार्यलाई अझ प्रभावकारी बनाइने छ।

५४. शिक्षकको कार्यसम्पादन स्तर मूल्याङ्कन गर्ने आधार निर्धारण गरी प्रबोधीकरण गरिने छ।

५५. उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी तथा खेलाडीहरूलाई आफ्नो कार्यप्रति अझ लगनशिल भएर लाग्नका लागि अभिप्रेरित गर्ने उद्देश्यले उत्कृष्ट कार्य सम्पादन गरेका प्रतिभाहरूलाई सम्मान गरिने छ।

५६. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आवत जावतमा सहजता ल्याउन एक विद्यालय एक बसको नीति क्रमागत रूपमा अगाडि बढाइने छ।

५७. लिपि, भाषा, साहित्य, कला र सङ्गीतको संरक्षण र जर्गेना गर्ने कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित रूपमा आगडि बढाइने छ।

५८. विभिन्न चाडपर्व र दिवसमा सामुदायिक र संस्थागत विद्यालयहरूका बिचमा नगरको कला तथा संस्कृति प्रदर्शन प्रतियोगिता सञ्चालन गरिने छ।

५९. विभिन्न दिवसहरूमा वडा कार्यालयको समन्वयमा वडाभित्रका सबै विद्यालयलाई सहभागी गराई जनचेतना तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

६०. नगरभित्र स्थायी रूपमा बसोबास गर्ने बालबालिका नगर बाहिरका विद्यालयमा अध्ययन गर्न जानुको कारण र सङ्ख्या एकिन गर्न तथा यहाँको शिक्षाको स्तरमा थप सुधार गर्न अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गरिने छ।

## २.७ अपेक्षित उपलब्धि

१. बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीको सङ्ख्या सतप्रतिशत पुगेको हुने छ।

२. आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भई कम्तिमा आधारभूत शिक्षा पूरा गरेका हुने छन्।

३. सबै तह, कक्षा र विषयको नगरस्तरीय औसत सिकाइ उपलब्धि हालको औसतभन्दा कम्तिमा १० अङ्कले वृद्धि भएको हुने छ।

४. उच्च कार्यसम्पादन स्तर भएका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीले पुरस्कार एवम् प्रसंशापत्र प्राप्त गरी प्रोत्साहित भएका हुने छन्।

५. सतप्रतिशत कक्षाकोठाहरू स्मार्ट कक्षाकोठाका रूपमा विकास भएका हुने छन्।

६. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

७. नियमित सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन भई ८० प्रतिशतभन्दा बढी विद्यार्थीले भाग लिने अवसर प्राप्त गरेका हुने छन्।

८. सुविधा सम्पन्न बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिक्ने अवसर सबै बालबालिकाले प्राप्त गरेका हुने छन्।

९. प्राविधिक शिक्षा र सिपमूलक तालिमको पहुँचमा वृद्धि भई पिछडिएको वर्ग, क्षेत्र र समुदायका विद्यार्थीहरूको समावेशी सहभागितामा अभिवृद्धि भएको हुने छ।

१०. विद्यालयहरू बालमैत्री, अपाङ्गतामैत्री, समतामूलक र समावेशी हुनुका साथै सिकाइको स्तर वृद्धि भएको हुने छ।

११. वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट औपचारिक शिक्षाबाट बञ्चित समूहले सिकाइ अवसर प्राप्त गर्ने र आजीवन सिकाइको अवसरमा अभिवृद्धि भएको हुने छ।

१२. विपत्को समयमा पनि बालबालिकाको शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक तयारी र अभ्यास भएको हुने छ।

१३. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

१४. सामुदायिक विद्यालयप्रति समुदायको आकर्षण बढ्नुका साथै विश्वासमा वृद्धि भएको हुने छ।

## २.८ मूख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | कार्यसम्पादन सूचकहरू | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८४/८५ | ०८६/८७ | ०९२/९३ |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | |
| १.१ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर (%) | १३५.६ | १३० | १२५ | १२० | १०५ |
| १.२ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्नादर (%) | ९९.५४ | ९९.८५ | १०० | १०० | १०० |
| १.३ | प्रारम्भिक बालविकास तथा शिक्षाको कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.२२ | १.२० | १.१८ | १.१६ | १.१२ |
| १.४ | सामुदायिक विद्यालयमा न्यूनतम योग्यता भएका बालविकास सहजकर्ता | ३६ | ३६ | ३७ | ३८ | ४० |
| १.५ | सामुदायिक विद्यालयमा उच्च योग्यता भएका बालविकास सहजकर्ता | ११ | ११ | १२ | १३ | १६ |
| १.६ | सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ९६.९१ | ९७ | ९७.५ | ९८ | १०० |
| **२** | **आधारभूत शिक्षा** | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर (%) | १२७ | १२५ | १२३ | १२१ | ११४ |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (%) | ९५.९ | ९६.२ | ९७ | ९८ | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | १२६.४ | १२५ | १२३ | १२० | ११३ |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९९ | ९९.२ | ९९.४ | ९९.६ | १०० |
| २.५ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.१५ | १.१४ | १.१३ | १.१२ | १.१० |
| २.६ | आधारभूत तह (कक्षा ६-८) मा कुल भर्ना दर (%) | १२८.२ | १२७ | १२३ | १२० | ११५ |
| २.७ | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९५.९ | ९६ | ९६.५ | ९७.२ | १०० |
| २.८ | आधारभूत तह (कक्षा ६-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.१८ | १.१७ | १.१६ | १.१५ | १.११ |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १२६.४ | १२५ | १२३ | १२० | ११२ |
| १२.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९६.२८ | ९६.७ | ९७.३ | ९८ | १०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.१६ | १.१६ | १.१५ | १.१४ | १.१२ |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८४/८५ | ०८६/८७ | ०९२/९३ |
|---|---|---|---|---|---|---|
| २.१२ | सामुदायिक विद्यालयको आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | ५५.४८ | ५५.८ | ५६.४ | ५७.२ | ६० |
| २.१३ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ५, नेपाली) (%) | ५९.७० | ६१ | ६३ | ६५ | ७० |
| २.१४ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ५, गणित) (%) | ५६.०९ | ५७.५ | ५९ | ६१ | ६६ |
| २.१५ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ५, अङ्ग्रेजी) (%) | ६३.९४ | ६५ | ६६.५ | ६८ | ७३ |
| २.१६ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ५, विज्ञान तथा प्रविधि) (%) | ५९.८० | ६१ | ६३ | ६५ | ७० |
| २.१७ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ५, सामाजिक) (%) | ६०.१६ | ६१.५ | ६३ | ६५ | ७० |
| २.१८ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ८, नेपाली) (%) | ५७.५४ | ५९ | ६१ | ६३ | ६८ |
| २.१९ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ८, गणित) (%) | ५१.०६ | ५३.५ | ५६.५ | ५९ | ६५ |
| २.२० | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ८, अङ्ग्रेजी) (%) | ५७.११ | ५९ | ६१ | ६३ | ६८ |
| २.२१ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ८, विज्ञान तथा प्रविधि) (%) | ५४.४० | ५६ | ५८ | ६० | ६५ |
| २.२२ | सामुदायिक विद्यालयको औसत सिकाइ उपलब्धि (कक्षा ८, सामाजिक) (%) | ५८.४० | ६० | ६१.५ | ६३ | ६९ |
| २.२३ | सामुदायिक विद्यालयको आधारभूत तहमा न्यूनतम योग्यता प्राप्त शिक्षक (%) | ९६.२३ | ९६.७ | ९७.६ | ९८.४ | १०० |
| २.२४ | सामुदायिक विद्यालयको आधारभूत तहमा माथिल्लो योग्यता प्राप्त शिक्षक (%) | ६७.४७ | ६८.३ | ६९.४ | ७१ | ७५ |
| २.२५ | सामुदायिक विद्यालयको आधारभूत तहमा टिपिडी तालिम प्राप्त शिक्षक (%) | ७५.३९ | ८० | ८६ | ९३ | १०० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८४/८५ | ०८६/८७ | ०९२/९३ |
|---|---|---|---|---|---|---|
| **३** | **माध्यमिक तह** | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादर (%) | १०५.१९ | १०५ | १०४.७ | १०४.५ | १०४ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर (%) | ७९.५९ | ८१ | ८५ | ९० | ९७ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०९ | १.०८ | १.०६ | १.०५ | १ |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर (%) | ९५.९ | ९७ | ९८ | ९९ | १०५ |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०७ | १.०६ | १.०५ | १.०४ | १ |
| ३.६ | सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) मा महिला शिक्षक (%) | ३१.५२ | ३२.५ | ३३.५ | ३४.५ | ३८ |
| ३.७ | औसत सिकाइ उपलब्धि (कक्षा १०, नेपाली) (%) | ५५.६० | ५७ | ५९ | ६१ | ६६ |
| ३.८ | औसत सिकाइ उपलब्धि (कक्षा १०, गणित) (%) | ४६.१२ | ४८ | ५१ | ५४ | ६० |
| ३.९ | औसत सिकाइ उपलब्धि (कक्षा १०, विज्ञान) (%) | ५२.२७ | ५४ | ५६ | ५९ | ६४ |
| ३.१० | औसत सिकाइ उपलब्धि (कक्षा १०, अङ्ग्रेजी) (%) | ६२.५० | ६४ | ६६ | ६८ | ७३ |
| ३.११ | औसत सिकाइ उपलब्धि (कक्षा १०, सामाजिक) (%) | ५३.१२ | ५५ | ५७ | ५९ | ६५ |
| **४** | **अनौपचारिक तथा आजीवन सिकाइ** | | | | | |
| ४.१ | साक्षरता दर (१५ - ६० वर्ष) | ८९.४८ | ९० | ९२ | ९४ | १०० |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क (१५-६० वर्ष) | १.०७ | १.०६ | १.०५ | १.०४ | १ |
| **५** | **सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** | | | | | |
| ५.१ | इन्टरनेटको पहुँच सहितका विद्यालय | २३ | २३ | २३ | २३ | २४ |
| ५.२ | सामुदायिक विद्यालयमा कम्प्युटर/ल्यापटप विद्यार्थी अनुपात | १:१६.९३ | १:१६ | १:१५ | १:१४ | १:८ |
| ५.३ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय | १९ | २० | २१ | २२ | २४ |
| ५.४ | सिकाइमा सूचना प्रविधि प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | ३९.७१ | ४५ | ५० | ६० | ९५ |
| **६** | **भौतिक पूर्वाधार विकास** | | | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय | २२ | २२ | २३ | २३ | २४ |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | आधार वर्ष ०८१/८२ | ०८२/८३ | ०८४/८५ | ०८६/८७ | ०९२/९३ |
|---|---|---|---|---|---|---|
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय | ७ | ८ | ९ | १० | २४ |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय | २३ | २४ | २४ | २४ | २४ |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय | २२ | २३ | २३ | २३ | २४ |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय | १७ | १८ | १९ | २० | २४ |
| ६.६ | आराम कक्ष/चेन्जिङ रूमको व्यवस्था भएका सामुदायिक विद्यालय | ८ | १० | १२ | १४ | १७ |
| ६.७ | विद्युत पुगेका सामुदायिक विद्यालय | २४ | २४ | २४ | २४ | २४ |
| ६.८ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय | ५ | ९ | १३ | १७ | २४ |
| **७** | **सुशासन तथा व्यवस्थापन** | | | | | |
| ७.१ | बालक्लब गठन भएका सामुदायिक विद्यालय | १९ | २२ | २२ | २२ | २२ |
| ७.२ | रेडक्रस गठन भएका सामुदायिक माध्यमिक विद्यालय | ११ | १२ | १३ | १४ | १७ |
| ७.३ | स्काउट गठन भएका सामुदायिक माध्यमिक विद्यालय | १२ | १३ | १४ | १५ | १७ |
| ७.४ | सदन गठन भएका सामुदायिक विद्यालय | २३ | २३ | २३ | २३ | २३ |
| ७.५ | स्थायी शिक्षक प्रधानाध्यापक भएका सामुदायिक विद्यालय | २१ | २१ | २२ | २२ | २३ |
| ७.६ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय | १३ | २३ | २३ | २३ | २३ |
| ७.७ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय | १४ | १७ | २२ | २३ | २४ |
| ७.८ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय | ८ | १७ | २३ | २३ | २३ |

परिच्छेद तीन

## विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ वर्तमान अवस्था

यस चन्द्रागिरि नगरपालिकामा रहेका जम्मा २४ वटा सामुदायिक विद्यालयमध्ये २३ वटा विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा रहेको छ । संस्थागततर्फ भने ८९ वटा विद्यालयमा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेको छ । एक एक वटा अनौपचारिक तथा वैकल्पिक विद्यालय र परम्परागत विद्यालयमामा पनि बालविकास कक्षा सञ्चालन गरिएको छ । यस नगरपालिकामा सामुदायिक, संस्थागत र अन्य गरी जम्मा ११४ वटा विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा तथा पूर्व प्राथमिक कक्षा सञ्चालनमा रहेको छ ।

चन्द्रागिरि नगरपालिका बाटोघाटोको राम्रो सुविधा भएको नगरपालिका हो । यहाँका कतिपय विद्यालयले विद्यार्थीहरूको आवागमनमा सुविधाका लागि सवारी साधनको पनि व्यवस्था गरेका छन् । त्यसैले चन्द्रागिरि नगरपालिकाभित्रका मात्र बालबालिकाले अध्ययन नगरी अन्य नगरपालिकाका विद्यार्थीले पनि यहाँका विद्यालयमा अध्ययन गरेको पाइन्छ भने यहाँ बसोबास गर्ने कतिपय विद्यार्थीहरूले अन्य नगरपालिकामा रहेका विद्यालयमा पनि अध्ययन गर्दछन् । चन्द्रागिरि नगरपालिकाभित्रका विद्यालयमा अध्ययनरत बालबालिकाको सङ्ख्यात्मक विवरण तालिकामा राखिएको छ ।

| सामुदायिक | | | संस्थागत, वैकल्पिक तथा धार्मिक | | | जम्मा | | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| ७१० | ५९७ | १३०७ | ४०८० | ३३३६ | ७४१६ | ४७९० | ३९३३ | ८७२३ | १.२२ |

यस नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा सहजै देखिने तथा खुद भर्नादर क्रमशः १३५.६ प्रतिशत र ९९.५४ प्रतिशत रहेको छ । सामुदायिक विद्यालयमा बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका ९६.९१% रहेका छन् ।

यहाँका सामुदायिक विद्यालयमा नगरपालिकाबाट अनुदान जाने र विद्यालय स्वयमले व्यवस्था गरेर जम्मा ४० जना सहजकर्ताहरू कार्यरत छन् । ती सबै सहजकर्ताहरू महिला रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम् मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) का अनुसार बालविकास केन्द्रको सहजकर्ताका लागि कक्षा १२ वरावरको योग्यता आवश्यक हुन्छ । हाल कार्यरत सहजकर्ताको योग्यता विश्लेषण गर्दा ३६ जना सहजकर्ताको न्युनतम योग्यता भएको देखिन्छ भने त्यसमध्येका ११ जना सहजकर्ताको योग्यता न्युतमभन्दा माथिल्लो रहेको छ । सहजकर्ताहरूले पुनर्जाजगी तालिमको अवसर पाइरहेका छन् । (*स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन तथा चन्द्रागिरि नगरपालिकाको अभिलेख ।*)

### ३.१.२ उद्देश्य

प्रारम्भिक बालविकास तथा शिक्षामा उमेर समुहका सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु र गुणस्तर बढाउनु प्रारम्भिक बालविकास तथा शिक्षाको उद्देश्य रहेको छ।

### ३.१.३ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ:

१. नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना र समायोजन गरी उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने।
२. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्रको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने।
३. उमेर समूहका सबै बालबालिकाका लागि बालविकास शिक्षा अनिवार्य बनाउने।
४. एक वडा एक नमुना बालविकास केन्द्रको विकास गर्ने।
५. सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ।

**नतिजा:** योजनाको कार्यान्वयनबाट देहायको नतिजा प्राप्त हुनेछः

| क्र. स. | सूचक | आधार वर्ष (२०८१/०८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/०८६ | २०८६/०८७ | २०९२/०९३ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा सहजै देखिने भर्नादर | १३५.६ | १३० | १२८ | १२५ | १२० | १२० | १०५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सामुदायकि विद्यालयको कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी (%) | ९६.९१ | ९७ | ९७.३ | ९७.५ | ९९ | ९८ | १०० |
| ३ | न्युनतम योग्यता भएका बालविकास सहजकर्ता | ३६ | ३६ | ३६ | ३७ | ३७ | ३८ | ४० |
| ४ | उच्च योग्यता भएका बालविकास सहजकर्ता | ११ | ११ | ११ | १२ | १२ | १३ | १६ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा बालविकास केन्द्रको थपघट | पटक | | १ | | | | १ | २ |
| २ | कक्षा १ मा भर्ना हुनका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय एवम् कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | स्मार्ट एवम् नमुना बालविकास केन्द्र/कक्षाको व्यवस्थापन | कक्षा | ३ | ४ | ५ | ५ | ५ | २२ | २३ |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्तालाई प्रविधिमा आधारित तालिम | समूह | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | अभिभावकहरूलाई सचेतना कार्यक्रम सञ्चालन | समूह | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ६ | प्रारम्भिक बालविकास कक्षामा न्युनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी इकाइ लागतका आधारमा अनुदान | विद्यार्थी | १३५० | १४०० | १४५० | १५०० | १५५० | ७२५० | १५००० |
| ७ | बालविकास केन्द्र आया साझेदारी कार्यक्रम | जना | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ८ | प्रारम्भिक बालविकासका सहजकर्ताको तलब, भत्ता अनुदान | जना | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

यस नगरपालिकामा २३ वटा सामुदायिक र ६५ वटा संस्थागत विद्यालयमा आधारभूत शिक्षा सञ्चालनमा रहेको छ। त्यसैगरी अनौपचारिक तथा वैकल्पिक ४ वटा विद्यालय र २ वटा परम्परागत तथा धार्मिक विद्यालयमा पनि आधारभूत तह सञ्चालनमा रहेको छ । यसरी हेर्दा सामुदायिक, संस्थागत र अन्य गरी ९४ वटा विद्यालयमा आधारभूत तहको अध्ययन

अध्यापन हुने गरेको छ । चन्द्रागिरि नगरपालिकाका विभिन्न विद्यालयहरूमा अध्ययनरत छात्रछात्राको विवरण तालिकामा राखिएको छ ।

| कक्षा | सामुदायिक | | | संस्थागत | | | महिला तथा वैकल्पिक | | | परम्परागत तथा धार्मिक | | | जम्मा | | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ५२० | ४७८ | ९९८ | १,०७५ | ९३२ | २,००७ | ० | १९ | १९ | २ | ६ | ८ | १,५९७ | १,४३५ | ३,०३२ | १.११ |
| २ | ४२२ | ३७६ | ७९८ | ९८८ | ८७३ | १,८६१ | ० | २६ | २६ | ८ | ३ | ११ | १,४२१ | १,२८६ | २,७०७ | १.१० |
| ३ | ४६३ | ४४९ | ९१२ | १,०३५ | ८८० | १,९१५ | ० | २१ | २१ | ९ | ३ | १२ | १,५१२ | १,३५८ | २,८७० | १.११ |
| ४ | ४३९ | ४३३ | ८७२ | १,०४१ | ८३२ | १,८७३ | ० | १५ | १५ | १७ | ६ | २३ | १,४९७ | १,२८६ | २,७८३ | १.१६ |
| ५ | ४८७ | ४२२ | ९०९ | १,०२७ | ७७७ | १,८०४ | ० | १२ | १२ | ११ | ३ | १४ | १,५२५ | १,२१४ | २,७३९ | १.२६ |
| ६ | ४९० | ४४३ | ९३३ | ९७८ | ७०७ | १,६८५ | ० | १२ | १२ | १० | ६ | १६ | १,४७८ | १,१६८ | २,६४६ | १.२७ |
| ७ | ५१८ | ५०२ | १०२० | ८९२ | ७०४ | १,५९६ | ० | ११ | ११ | १२ | ६ | १८ | १,४२२ | १,२२३ | २,६४५ | १.१६ |
| ८ | ४९७ | ४९५ | ९९२ | ७८५ | ६६५ | १,४५० | २६ | २३ | ४९ | ९ | ४ | १३ | १,३१७ | १,१८७ | २,५०४ | १.११ |
| **१-५** | २,३३१ | २,१५८ | ४,४८९ | ५,१६६ | ४,२९४ | ९,४६० | ० | ९३ | ९३ | ४७ | २१ | ६८ | ७,५५२ | ६,५७९ | १४,१३१ | १.१५ |
| **६-८** | १,५०५ | १,४४० | २,९४५ | २,६५५ | २,०७६ | ४,७३१ | २६ | ४६ | ७२ | ३१ | १६ | ४७ | ४,२१७ | ३,५७८ | ७,७९५ | १.१८ |
| **१-८** | ३,८३६ | ३,५९८ | ७,४३४ | ७,८२१ | ६,३७० | १४,१९१ | २६ | १३९ | १६५ | ७८ | ३७ | ११५ | ११,७६९ | १०,१५७ | २१,९२६ | १.१६ |

*स्रोतः चन्द्रागिरि  नगरपालिकाको अभिलेख ।*

यहाँका सामुदायिक र संस्थागत विद्यालयमा आधारभूत तहको सबै कक्षामा छात्रको तुलनामा छात्राको सङ्ख्या न्युन रहेको देखिन्छ ।

यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका विद्यार्थीको कक्षागत औसत सिकाइ उपलब्धि तलको तालिकामा राखिएको छ :

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | हाम्रो सेरोफेरो |
|---|---|---|---|---|
| १ | ७४.१६ | ७६.८१ | ७५.६३ | ७१.१३ |
| २ | ७०.७० | ७४.५० | ७६.०२ | ७४.३१ |
| ३ | ७५.९१ | ७२.०६ | ६९.९२ | ७२.१६ |

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
|---|---|---|---|---|---|
| ४ | ५९.८६ | ५७.६८ | ५८.७८ | ६१.१४ | ५९.४९ |
| ५ | ५९.७० | ५६.०९ | ६३.९४ | ५९.८० | ६०.१६ |
| ६ | ५७.०० | ४९.४२ | ६१.४९ | ५५.२९ | ५५.३१ |
| ७ | ५७.५५ | ५३.२९ | ६०.३६ | ५६.२० | ५६.८३ |
| ८ | ५७.५४ | ५१.०६ | ५७.११ | ५४.४० | ५८.१४ |

*स्रोतः चन्द्रागिरि  नगरपालिकाको अभिलेख।*

माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा १-३ को तुलनामा कक्षा ४-८ को सिकाइ उपलब्धि कम रहेको देखिन्छ।

### ३.२.२ उद्देश्य

आधारभूत शिक्षाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. आधारभूत तहको शिक्षालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउँदै पहुँच सुनिश्चित गर्नु,

२. सबै बालबालिकाले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,

### ३.२.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ:

१. नक्साङ्कन गरी विद्यालयको कक्षा/तह/ विद्यालय थपघट तथा समायोजन गर्ने,

२. आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गरी तह पूरा गर्नै पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने। यसो नगर्ने अभिभावकलाई नगरपालिकाबाट प्रदान गरिने सेवाबाट बञ्चित गर्न सकिने व्यवस्था गर्ने,

३. सिकाइ उपलब्धि बढाउन र कक्षा दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर सून्यमा झार्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,

४. शिक्षण गर्दा सूचना प्रविधिको उपयोग गर्ने क्षमता शिक्षकहरूमा अभिवृद्धि गर्ने र आफ्नो विषयको उपलब्धिस्तरका लागि सम्बन्धित शिक्षकलाई जिम्मेवार बनाउने,

५. वडा शिक्षा समितिलाई जिम्मेवार बनाई आधारभूत शिक्षा उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चित गरी अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ।

**प्रमुख नतिजाः**

१. आधारभूत शिक्षा उमेरका सबै बालबालिका विद्यालयमा भर्ना हुने र आधारभूत तह पूरा गर्ने छन्।

२. औसत सिकाइ उपलब्धिमा आशालाग्दो सुधार हुने छ।

### ३.२.५ मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यालयको नक्साङ्कन गरी कक्षा/तह/विद्यालय थपघट तथा समायोजन | पटक | | १ | | | | १ | २ |
| २ | आधारभूत तह उमेरका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना गरी निरन्तरता दिनका लागि नीति निर्माण एवम् कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | आधारभूत तहका बालबालिका विद्यालय वाहिर नरहेको वडा घोषणा | वडा | ३ | ५ | ७ | ० | ० | १५ | १५ |
| ४ | सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कनः आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान, कक्षा १ मा भर्ना भएका विद्यार्थीको पोर्टफोलियो व्यवस्थापन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | एकिकृत पाठ्यक्रमसम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन | समूह | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | सिकाइ सामग्री निर्माण एवम् प्रयोग र आवश्यकताका आधारमा थप अन्य विषयमा तालिम कार्यशाला सञ्चालन | समूह | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षकको क्षमता विकासका लागि आवश्यकतामा आधारित तालिम सञ्चालन | समूह | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ८ | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थाका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | विद्यार्थी | ४५५० | ४६५० | ४७५० | ४८५० | ४९५० | २३७५० | ४८००० |
| ९ | शिक्षण सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | विद्यार्थी | ३००० | ३१०० | ३२०० | ३३०० | ३४०० | १६००० | ३३००० |
| १० | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | समूह | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| ११ | कार्यसम्पादन स्तर उत्कृष्ट रहेका शिक्षकलाई सम्मान | विद्यार्थी | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १२ | उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगरपालिकाबाट पुरस्कार प्रदान | समूह | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| १३ | विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर घटाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १४ | उपलब्धिस्तर बढाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्न कार्यशाला सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १५ | आधारभूत तहका शिक्षकहरूको तलब, चाडबाड र पोशाक खर्च | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

यस नगरपालिकामा १७ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् भने संस्थागततर्फ ४२ र एउटा वैकल्पिक विद्यालय तथा परम्परागत विद्यालयमामा पनि माध्यमिक तहको अध्ययन अध्यापन भइरहेको छ । यहाँका दुईवटा माध्यमिक विद्यालयमा ४ वर्षे प्राविधिक धार सञ्चालनमा रहेको छ । अरू २ वटा विद्यालयमा प्राविधिक शिक्षा तथा तालिम परिषदतर्फको ३ वर्षे डिप्लोमा तहको कार्यक्रम सञ्चालित छ । यस नगरपालिकाभित्र रहेका विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको विवरण तालिकामा राखिएको छ ।

| कक्षा | सामुदायिक | | | संस्थागत, वैकल्पिक तथा परम्परागत | | | जम्मा | | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| ९ | ४८८ | ५२३ | १०११ | ७६४ | ५४४ | १३०८ | १२५२ | १०६७ | २३१९ | १.१७ |
| १० | ३२३ | ४३९ | ७६२ | ७५८ | ६२१ | १३७९ | १०८१ | १०६० | २१४१ | १.०२ |
| ११ | १९५ | २१० | ४०५ | २३३ | २०६ | ४३९ | ४२८ | ४१६ | ८४४ | १.०३ |
| १२ | १५० | १९५ | ३४५ | २७० | २३२ | ५०२ | ४२० | ४२७ | ८४७ | ०.९८ |
| जम्मा (९-१०) | ८११ | ९६२ | १७७३ | १५२२ | ११६५ | २६८७ | २३३३ | २१२७ | ४४६० | १.०९ |
| जम्मा (११-१२) | ३४५ | ४०५ | ७५० | ५०३ | ४३८ | ९४१ | ८४८ | ८४३ | १६९१ | १.०१ |
| जम्मा (९-१२) | ११५६ | १३६७ | २५२३ | २०२५ | १६०३ | ३६२८ | ३१८१ | २९७० | ६१५१ | १.०६ |

माथिको तालिकालाई विश्लेषण गर्दा समग्रमा माध्यमिक तह कक्षा १२ मा छात्रभन्दा छात्राको सङ्ख्या बढी रहेको देखिन्छ । सामुदायिक माध्यमिक विद्यालयमा भने माध्यमिक तहको सबै कक्षामा छात्रको सङ्ख्या भन्दा छात्राको सङ्ख्या बढी रहेको छ । माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययन गर्ने छात्र र छात्राहरू क्रमशः ५१.७२ % र ४८.२८% रहेका छन् । *(स्रोतः चन्द्रागिरि नगरपालिकाको अभिलेख ।)*

यहाँका सामुदायिक विद्यालयहरूको कक्षा ९ र १० को अनिवार्य विषयको औसत सिकाइ उपलब्धि देहाय बमोजिम रहेको छः

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
|---|---|---|---|---|---|
| ९ | ५२.९ | ४७.०२ | ५९.८८ | ४९.७३ | ५२.११ |
| १० | ५५.६० | ४६.१२ | ६२.५० | ५२.२७ | ५३.१२ |

*स्रोतः चन्द्रागिरि नगरपालिकाको अभिलेख ।*

यस नगरपालिकामा माध्यमिक शिक्षाका केही समास्या र चुनौतिहरू विद्यमान रहेका छन् । सबै विद्यालयमा विषयगत प्रयोगशाला, खेलमैदान तथा अपाङ्गता भएका विद्यार्थीका लागि शौचालय लगायतका भौतिक पूर्वाधारको उचित व्यवस्था नहुनु, केही विद्यालयमा विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत रूपमा वृद्धि नहुनु, सूचना प्रविधिमा आधारित शिक्षण पर्याप्त मात्रामा नगरिनु आदि यहाँका माध्यमिक शिक्षाका प्रमुख समस्या र चुनौतिहरू हुन् ।

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षामा बालबालिकाहरूको पहुँच र गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।

### ३.३.३ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यार्थीहरूको उपलब्धिस्तर बढाउन तथा कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने दर घटाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
२. प्रधानाध्यापक र शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गरी गुणस्तरका लागि थप जिम्मेवार बनाउने ।
३. नियमित मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।
४. विद्यार्थीको सिकाइ उपलब्धि बढाउने थप उपायहरू खोजी गरी कार्यान्वयन गर्ने ।
५. विषयगत प्रयोगशाला र विद्यार्थी केन्द्रित शिक्षण विधिको उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
६. STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** माध्यमिक शिक्षामा उमेर समूका सबैको पहुँच र गुणस्तरमा सुधार भएको हुने ।

**प्रमुख नतिजा:**

१. बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि हुने छ ।
२. माध्यमिक तहका सबै विषयको नगरस्तरीय औसत सिकाइ उपलब्धिमा कम्तिमा १० अङ्कले वृद्धि हुने छ ।
३. STEAM Education शिक्षाको अभिन्न अङ्गका रुपमा विकास हुने छ ।

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यालयको नक्साङ्कन तथा कक्षा/तह/विद्यालय थपघट तथा समायोजन | पटक | | १ | | | | १ | २ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| २ | STEAM Education & Pedagogy सम्बन्धमा अभिमूखीकरण कार्यशाला सञ्चालन (२ दिने) | समूह | १ | १ | १ | | | ३ | १० |
| ३ | STEAM Teacher Group गठन गरी STEAM कार्यक्रम कार्यान्वयन | विद्यालय | ५ | १० | १७ | १७ | १७ | १७ | १७ |
| ४ | STEAM मा आधारित परियोजना प्रतियोगिता सञ्चालन (विद्यार्थी) | पटक | १ | १ | १ | १ | १ | ४ | ९ |
| ५ | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | समूह | २ | २ | २ | २ | २ | १० | २० |
| ६ | शिक्षण सामग्री, डिजिटल सिकाइ समाग्रीका लागि प्रति इकाइ लागत अनुदान (कक्षा ९-१०) | विद्यार्थी | १८०० | १८५० | १९०० | १९५० | २००० | ९५०० | १९५०० |
| ७ | शिक्षण सामग्री, डिजिटल सिकाइ समाग्रीका लागि प्रति इकाइ लागत अनुदान (कक्षा ११-१२) | विद्यार्थी | ८०० | ८५० | ९०० | ९५० | १००० | ४५०० | १०००० |
| ८ | सामुदायिक विद्यालय कक्षा ११-१२ सञ्चालन सहयोग अनुदान | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ९ | माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

यस चन्द्रागिरि नगरपालिकाका दुईओटा माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालित छ । कंकाली माध्यमिक विद्यालयमा कम्प्युटर इञ्जिनियरिङ् र विद्यामन्दिर माध्यमिक विद्यालयमा सिभिल इञ्जिनियरिङ् विषयको अध्ययन अध्यापन हुने गरेको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा सम्बन्धन प्राप्त गरी प्राविधिक शिक्षा सञ्चालित विद्यालय २ वटा रहेका छन् । प्रभात माध्यमिक विद्यालयमा २ वर्ष अघिदेखि कृषि र पशु विज्ञान विषयमा डिप्लोमा तहको पठनपाठन भइरहेको छ । यस विद्यालयमा पहिलो वर्ष २४ जना र दोस्रो वर्ष १० जना विद्यार्थीले अध्ययन गरिरहेका छन् । बलम्बु माध्यमिक विद्यालयमा शैक्षिक वर्ष २०८२ बाट व्युटिसियन, इलेक्ट्रिक हाउस वायरिङ, मोबाइल मर्मत र मोटर साइकल रिपेरिङ गरी ४ विषयमा १६९६ घण्टाको प्राविधिक तालिम सञ्चालन भइरहेको छ । कक्षा ९ देखि कक्षा १२ सम्मका १२५ जना विद्यार्थीहरूले विद्यालय तहको नियमित पठन पाठनको अलावा प्राविधिक सिपको तालिम लिंदै जाने र सिप परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिएको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको आङ्गिक शिक्षालयका रूपमा गणेशमान स्मृति बहुप्राविधिक शिक्षालय पनि सञ्चालनमा रहेको छ । यसले पनि कृषि र पशु स्वास्थ्य (भेटनरी) विषयको ३ वर्षे डिप्लोमा कार्यक्रम सञ्चालन गरिरहेको छ । हाल व्युटी एण्ड कस्मेटोलोजी नयाँ विषयको पनि अध्यापन शुरू गरेको छ । यसपछि उनीहरू माथिल्लो तहको तालिम वा कामको संसारमा प्रवेश गर्न सक्ने गरी सिपयुक्त जनशक्ती तयार गर्ने व्यवस्था मिलाइएको छ । गणेशमान स्मृति बहुप्राविधिक शिक्षालयमा कृषितर्फ ११ जना, पशु स्वास्थ्य (भेटेनरी) मा ७२ जना र व्युटी एण्ड कस्मेटोलोजी विषयमा ३९ जना विद्यार्थीले अध्ययन गरिरहेका छन् भने यहाँ अरू प्रकारका विभिन्न तालिम पनि सञ्चालन भइरहेको छ ।  शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धारतर्फ हाल देहायका विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्:

| कक्षा | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ६१ | ७० | ६२ | ५० | २४३ |

प्राविधिक धारतर्फ १४ जना शिक्षकहरू छन् । (स्रोतः नगरपालिकाको अभिलेख ।)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा व्यक्तिहरूको चासोमा कमी हुनु, व्यक्तिहरूमा उद्यमशिलतासम्बन्धी ज्ञान र सोँचको कमी हुनु, बजारको आवश्यकता विश्लेषण नगरी प्राविधिक जनशक्ति उत्पादन गर्नु आदि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका समस्या तथा चुनौतिहरू हुन् ।

### ३.४.२ उद्देश्य

यस क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा इच्छुक सबैको पहुँच अभिवृद्धि गर्नु,

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा गुणस्तर अभिवृद्धि गर्नु ।

### ३.४.३ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालासँग समन्वय गर्ने ।

३. विश्व बजारमा खपत हुने प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिने ।

४. विद्यालय तहको शिक्षा आर्जन गर्दै गर्दा व्यावसायिक सोँचको पनि विकास गराउने ।

५. परम्पारगत सिपको पहिचान र प्रमाणीकरण गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** नागरिकहरू प्राविधिक शिक्षा तथा व्यावसायिक सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी सिपयुक्त भएका हुने छन्

**प्रमुख नतिजाः**

१. प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समतामूलक पहुँचका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन हुने छ ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका माध्यमबाट शैक्षिक वेरोजगार घट्नुका साथै आर्थिक अवस्थामा सुधार हुने छ ।

३. परम्परागत सिपको पहिचान एवम् प्रवर्धन हुने छ ।

### ३.४.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विविध कारणले पछाडि परेका वर्गलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिपमा सहज पहुँका लागि छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| २ | विद्यालयमा जीवनोपयोगी सिपका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन | समूह | ४१ | ४१ | ४१ | ४१ | ४१ | २०५ | ४०० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ३ | नवप्रवर्तन उद्यममा आधारित क्षमता अभिवृद्धि तथा युवा लक्षित कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | प्राविधिक धार सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | विद्यार्थी | २५० | २६० | २७० | २८० | २९० | १३५० | २८०० |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्षभन्दा माथिको जनसङ्ख्या मध्ये १,११,६६६ जना साक्षर र बाँकी १६,२९३ जना निरक्षर रहेका छन् । ५ वर्षमाथिको जनसङ्ख्याको ८७.२७ प्रतिशत जनसङ्ख्या साक्षर रहेको अवस्था छ । निरक्षर जनसङ्ख्यामध्ये पुरूष ४,१५४ र महिला १२,१३९ जना रहेको देखिन्छ। १५ वर्षदेखि ६० वर्ष उमेर समूहको जनसङ्ख्यालाई हेर्दा साक्षरता ८९.४८ प्रतिशत रहेको पाइन्छ। यस उमेर समूहका २,५५५ जना पुरूष र ७,५८१ जना महिलाहरू निरक्षर देखिन्छन्। यस नगरपालिकामा एउटा मात्र सामुदायिक सिकाइ केन्द्र रहेको छ। यहाँ ३ वटा महिला विद्यालयहरू रहेका छन् जसलाई अहिले अनौपचारिक विद्यालय भनिन्छ भने एउटा वैकल्पिक विद्यालय रहेको छ जहाँ कक्षा ८ र १० को पठनपाठन हुने गरेको छ। (*स्रोतः नगरपालिकाको अभिलेख र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।*)

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा पनि समस्या तथा चुनौतिहरू रहेका छन्। आजीवन सिकाइका अवसरहरूको व्यवस्था मिलाउन नसकिनु, १५ वटा वडा रहेको यस नगरपालिकामा सामुदायिक सिकाइ केन्द्र भने एउटा मात्र हुनु र भएको सामुदायिक सिकाइ केन्द्रको पनि संस्थागत क्षमता विकास गर्न नसकिनु, अझै पनि १५-६० वर्षका करिव ११ प्रतिशत जनसङ्ख्या निरक्षर हुनु, साक्षर व्यक्तिहरू पनि निरन्तर शिक्षाको अभावले गर्दा निरक्षर बन्ने खतरा हुनु र निरक्षरहरूको नामावली नहुनु आदि यस नगरपालिकाका प्रमुख समस्या तथा चुनौतिहरू हुन्।

### ३.५.२ उद्देश्य

यस योजनाको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. १५-६० वर्ष उमेर समूहका सबै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउनु,

२. अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर वृद्धि गर्नु,

३. नागरिकको आवश्कता अनुरूपका सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु।

### ३.५.३ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू पूरा गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने ।
२. जीवनोपयोगी सिपमूलक तालिमको व्यवस्था गर्ने ।
३. सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या अभिवृद्धि गरी कम्तिमा एक वडा एक सामुदायिक सिकाइ केन्द्र पुऱ्याउने ।
४. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने ।
५. वैदेशिक रोजगारी, अन्य अनौपचारिक तथा अरितिक तरिकाले सिकेका सिपको पहिचान गरी प्रमाणीकरण गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** सबै नागरिकका लागि साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना हुने छ ।
२. १५-६० वर्ष उमेर समूहका सबै नगरवासीहरू साक्षर हुने छन् ।
३. सामुदायिक सिकाइ केन्द्रमा दक्ष जनशक्तिको व्यवस्था, इन्टरनेटसहितको इ-पुस्तकालय, योग शिक्षा, पत्रपत्रिका लगायतको व्यवस्था हुने छ ।
४. औपचारिक शिक्षाको अवसरबाट बञ्चितका लागि वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन हुने छन् ।
५. अनौपचारिक तथा अरितिक सिकाइको दक्षता परीक्षण र प्रमाणीकरण हुने छ ।

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | सामुदायिक सिकाइ केन्द्रको विस्तार | वटा | १ | १ | २ | ३ | ३ | १० | १४ |
| २ | सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास (दक्ष परिचालक, इ-पुस्तकालय, | केन्द्र | १ | १ | २ | ३ | ३ | १० | १५ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | पत्रपत्रिका, कम्प्युटर, योगशाला आदि) गरी आजीवन सिकाइ थलोका रूपमा विकास | | | | | | | | |
| ३ | परिवार साक्षरता कार्यक्रमका लागि अभिमुखीकरण | समूह | ४ | ४ | ४ | ४ | ४ | २० | २० |
| ४ | परिवार साक्षरता कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | पारिवारिक साक्षरता कार्यक्रम सञ्चालन गर्न नसक्ने परिवारका सदस्यलाई साक्षर बनाउन सामुदायिक सिकाइ केन्द्र, सामुदायिक क्याम्पसका शिक्षण प्रशिक्षार्थी, स्वयम् सेवी शिक्षक तथा अन्य साझेदार सङ्घ संस्थालाई परिचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | निरक्षररहित परिवार घोषणा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | विद्यालयमा सम्बन्धित क्षेत्रको विज्ञ/स्रोतव्यक्तिमार्फत अनुभवको पुस्तान्तरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ८ | नगरको भाषा, संस्कृति, भेषभुषा, जात्रा पर्व र अनुभवको संरक्षण, सम्बर्द्धन तथा पुस्तान्तरण कार्यक्रम | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ९ | अनौपचारिक तथा अरितिक सिकाइको दक्षता परीक्षण एवम् प्रमाणीकरण | पटक | ० | १ | १ | १ | १ | ४ | ७ |
| १० | अनौपचारिक तथा वैकल्पिक विद्यालय सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | खुला विद्यालय सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १२ | अनौपचारिक प्रौढ विद्यालय (महिला विद्यालयलाई शिक्षणमा सहयोग) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## परिच्छेद चार

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा  मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रले नयाँ पाठ्यक्रम कार्यान्वयनमा ल्याएदेखि नै यस नगरपालिकाभित्रका सबै विद्यालयहरूमा नयाँ पाठ्यक्रम अनुसार पठन पाठन भइरहेको छ । यस क्रममा कक्षा १-३ मा एकीकृत पाठ्यक्रम अध्यापन गरिएको छ । यस नगरपालिकाले स्थानीय विज्ञहरूको मद्दतबाट स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमार्फत् कार्यान्वयन गरिरहेको छ । स्थानीय विषय कार्यान्वयनका लागि विद्यार्थी सिकाइ सामग्री निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

यहाँका सबै सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यपुस्तकको प्रयोग गर्छन् भने संस्थागत विद्यालयले भने पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यपुस्तकको प्रयोग गर्ने गरेका छन् । शैक्षिक सत्र सुरू हुनासाथ विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकका साथसाथै शिक्षक निर्देशिका पनि शिक्षकहरूका लागि अति उपयोगी सामग्री हो । यसले शिक्षकलाई तयारी गर्न सहयोग गर्छ । यहाँका सामुदायिक विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिका उपयोगको अवस्थालाई तालिकामा राखिएको छ ।

| क्र.स. | सामग्री | उपयोगको अवस्था र विद्यालय सङ्ख्या | | |
|---|---|---|---|---|
| | | उपयोग नै नगर्ने | आंशिक उपयोग गर्ने | राम्ररी उपयोग गर्ने |
| १ | पाठ्यक्रम | १ | १३ | ९ |
| २ | शिक्षक निर्देशिका | २ | १५ | ६ |

माथिको तालिकालाई विश्लेषण गर्दा पाठ्यक्रमलाई ९ वटा विद्यालयले राम्ररी उपयोग गर्छन् भने आंशिक रूपमा १३ वटा विद्यालयले यसको उपयोग गरेको देखिन्छ । त्यसैगरी, ६ वटा विद्यालयले शिक्षक निर्देशिकाको उपयोग यसको मर्म अनुसार गरेको पाइन्छ भने आंशिक रूपमा प्रयोग गर्ने विद्यालय १५ वटा रहेका छन् ।

आधारभूत तहको कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि कक्षाकोठा भित्रै पुस्तकालयका रूपमा बुक कर्नरको परिकल्पना गरिएको छ । सोही अनुरूप यहाँका केही विद्यालयहरूले बुक कर्नरको व्यवस्था गरेका छन् । यहाँका ५ वटा विद्यालयले आधारभूत तहको कक्षा १-५ सबै कक्षामा बुक कर्नरको व्यवस्था गरेका छन् । ४ वटा मात्रै कक्षाकोठामा बुक कर्नर भएको एउटा विद्यालय रहेको छ । त्यसैगरी, ३, २ र १ वटा मात्र कक्षाकोठामा बुक कर्नर भएका विद्यायहरू क्रमशः २, ३ र २ वटा रहेका छन् । विडम्बनाका रूपमा १० वटा विद्यालयमा एउटा पनि बुक कर्नर छैन । त्यसमा पनि ५ वटा मात्र विद्यालयले विद्यार्थीलाई घरमा पुस्तक लैजाने व्यवस्था मिलाएको देखिन्छ । (*स्रोतः नगरपालिकाको अभिलेख ।*)

विद्यार्थी मूल्याङ्कनलाई वर्तमान पाठ्यक्रमअनुसार र मूल्याङ्कनका साधनहरूको उद्देश्यअनुसार उपयोग गर्नुपर्छ । एकीकृत पाठ्यक्रमअनुसार कक्षा १-३ मा मूल्याङ्कन गर्ने विद्यालयहरू १८ वटा रहेका छन् भने आधारभूत तहको सोभन्दा माथिका कक्षामा २० वटा विद्यालयले पाठ्यक्रम बमोजिम मूल्याङ्कन गरिरहेका छन् । माध्यमिक तहमा भने १७ वटै विद्यालयले नयाँ पाठ्यक्रम बमोजिम मूल्याङ्कन गरिरहेका छन् । (*स्रोतः नगरपालिकाको अभिलेख ।*)

अन्य विषय क्षेत्रको जस्तै यस क्षेत्रका पनि केही समस्या र चुनौतिहरू रहेका छन् । सतप्रतिशत शिक्षकहरूले पाठ्यक्रम र शिक्षक निर्देशिकाको महत्त्वलाई बोध गरी उचित रूपमा प्रयोग नगरिनु, शिक्षकहरूमा पाठ्यक्रमको उपयोगसम्बन्धी क्षमता विकास नहुनु, केही विद्यालयका शिक्षकहरूमा नयाँ पाठ्यक्रमअनुसारको मूल्याङ्कन पद्धतिभन्दा पूरानै पद्धति अनुशरण सहज मान्ने प्रवृर्ति हुनु, सिकाइका लागि मुल्याङ्कनभन्दा पनि सिकाइको मूल्याङ्कन गर्ने संस्कार हुनु आदि नगरपालिका भित्रका पाठ्यक्रम र मूल्याङ्कनका प्रमुख समस्या र चुनौतिहरू हुन् ।

### ४.१.२ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिमा सुधार गर्नु ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी प्रयोगमा ल्याउनु ।

### ४.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिका लागि शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्ने ।
२. शिक्षक सहायता प्रणाली र सहपाठी सिकाइका विभिन्न तौर तरिकाहरूको कार्यान्वयन गर्ने ।
३. स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि विद्यार्थी सिकाइ सामग्रीको विकास गरी उपयोग गर्ने ।
४. विद्यार्थीहरूलाई नियमित रूपमा अतिरिक्त क्रियाकलापमा भाग लिने व्यवस्था मिलाउने ।
५. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातवरण सिर्जना गर्ने ।
६. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य मात्रामा वृद्धि भएको हुने छ ।

**प्रमुख नतिजाः**

१. स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी पाठ्यसामग्री विकास भई कार्यान्वयन हुने छ ।
२. सह तथा अतिरिक्त क्रियाकलापमा कम्तिमा ८० प्रतिशत विद्यार्थी सहभागी हुने छन् ।
३. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि हुने छ ।

### ४.१.४ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर घटाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | विद्यार्थीहरूको उपलब्धिस्तर बढाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्न कार्यशाला सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालयमा शैक्षिक प्रदर्शनी सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विषयगत समिति मार्फत् प्रतिभाको पहिचान, सूचना प्रविधीसम्बन्धी तालिम, प्रश्नपत्र निर्माण र अनुभव आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | नगरस्तरीय सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन (वक्तृत्वकला/ हाजिरीजवाफ/ लोक नृत्य/ वादविवाद/ स्क्रावल/ खेलकुद लगायत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | कथा लेखन तथा मूल्याङ्कन कार्यशाला | पटक | १ | | १ | | १ | ३ | ५ |
| ९ | उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार एवम् सम्मान | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| १० | स्थानीय पाठ्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक वितरण (स्थानीय पाठ्यक्रममा आधारित सिकाइ सामग्री समेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १२ | निरन्तर, आवधिक र निदानात्मक मूल्याङ्कनको प्रभावकारी प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि विशेष अनुदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | नगरस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | असल अभ्यासहरूको आदानप्रदान एवम् कार्यान्वयनका लागि भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | विद्यालयमा सिकाइ सामग्री व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १७ | कक्षा ४-१० को परीक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| १८ | कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १९ | राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा बालविकास सहजकर्ता ४० जना जना रहेका छन् । त्यसैगरी, आधारभूत तह (कक्षा १-५) मा १९० जना, आधारभूत तह (कक्षा ६-८) मा १०२ जना, माध्यमिक तह (कक्षा ९-१०) मा ९२ जना र , माध्यमिक तह (कक्षा ११-१२) तहमा २९ जना कार्यरत रहेका छन् । प्राविधिक धारतर्फ भने २३ जना कार्यरत रहेका छन् । (*स्रोतः नगरपालिकाको अभिलेख ।*)

शिक्षकहरूको बढुवा प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कन कार्यमा नगरपालिका पनि संलग्न हुने अभ्यास छ भने बढुवा गर्ने कार्य शिक्षक सेवा आयोगले नै गर्दै आएको छ । विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धिले शिक्षकको कार्यसम्पादन स्तरमा अझ सुधारको खाँचो देखिएको छ । अहिले पनि धेरैजना शिक्षकका छोराछोरीहरूलाई शिक्षक स्वयम्ले अध्यापन गर्ने

विद्यालयमा भर्ना गर्न सकिएको छैन । बालबालिकाको सिकाइप्रति कतिपय शिक्षकलाई चाहे जति जिम्मेवार बनाउन सकिएको छैन । सुपरीवेक्षण तथा अनुगमनलाई अपेक्षित रुपमा प्रभावकारी बनाउन सकिएको छैन ।

### ४.२.२ उद्देश्य

शिक्षकको पेसागत दक्षता अभिवृद्धि गरी शिक्षण सिकाइमा उपयोग गर्नु यस क्षेत्रको उद्देश्य रहेको छ ।

### ४.२.३ रणनीतिहरू

१. विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन गर्ने ।
२. शिक्षक पेसागत विकासका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने ।
३. नतिजालाई सुविधासँग जोडी मेहनतको कदर गर्ने संस्कारको विकास गर्ने ।
४. कार्यसम्पादन स्तर उत्कृष्ट रहेका शिक्षकहरूलाई पुरस्कार, सम्मान लगायतका उपायहरूलाई कार्यान्वयन शिक्षण पेसामा अझ जिम्मेवार बनाउने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** शिक्षकको पेसागत विकास भई सिकाइ उपलब्धि अभिवृद्धिका लागि थप जिम्मेवार भएका हुने छन् ।

**प्रमुख नतिजा**

१. विद्यार्थी सङ्ख्या र विषयका आधारमा सबै विद्यालयमा सन्तुलित रूपमा शिक्षक व्यवस्थापन हुने छ ।
२. शिक्षकको पेसागत दक्षतामा अभिवृद्धि भई सिकाइमा उपयोग हुने छ ।
३. विद्यार्थीको सिकाइ उपलब्धिका लागि शिक्षकहरू थप जिम्मेवार हुने छन् ।

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | | १ | | १ | | २ | ५ |
| २ | कक्षा ४-१० मा अध्यापन गर्ने शिक्षकका लागि आवश्यकतामा आधारित विषयगत तालिम सञ्चालन (५ दिने) | समूह | ६ | ५ | ५ | ५ | ५ | २६ | ५० |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ३ | प्रधानाध्यापकको नेतृत्व क्षमता विकास पुनर्ताजगी तालिम सञ्चालन (५ दिने) | समूह | १ | ० | १ | ० | १ | ३ | ६ |
| ४ | विद्यालयका शिक्षक तथा कर्मचारी उत्कृष्ट विद्यालयको स्थलगत भ्रमण तथा अनुभव आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | पुरस्कृत तथा सम्मानित गर्ने प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कनको वस्तुनिष्ठ आधार विकास | पटक | १ | ० | ० | ० | ० | १ | २ |
| ६ | शिक्षकको कार्यसम्पादन परीक्षण एवम् मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार एवम् सम्मान | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| ८ | कार्य सम्पादन परीक्षणमा उत्कृष्ट देखिएका विद्यालयका प्रधानाध्यापकलाई सम्मान/प्रसंसापत्र प्रदान | जना | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | कार्य सम्पादन परीक्षणमा उत्कृष्ट देखिएका विद्यालयलाई पुरस्कार प्रदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १० | विषयगत शिक्षक दरबन्दी न्युन तथा विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदानका माध्यमबाट शिक्षक व्यवस्थापन | शिक्षक सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |
| ११ | हाल कार्यान्वयनमा भएका र थप निम्नमाध्यमिक र माध्यमिक विद्यालयमा गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षक व्यवस्थापनका लागि विद्यालयलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | संस्थागत विद्यालयका शिक्षकहरूका लागि आवश्यकतामा आधारित तालिम कार्यक्रम सञ्चालन (साझेदारीमा) | समूह | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | सहपाठी कक्षा अवलोकन, विषयगत समिति गठन एवम् विषयगत समस्यामा छलफल, कार्यमूलक अनुसन्धान सञ्चालन लगायतका शिक्षकका पेसागत विकासका कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | शिक्षक जिम्मेवारी बाँडफाँड | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १५ | हरेक विद्यालयका उत्कृष्ट कार्यसम्पादन स्तर भएका शिक्षकलाई सम्मान (विद्यालयले रोजेको शिक्षक) | जना | २३ | २३ | २३ | २३ | २३ | ११५ | २३० |
| १६ | प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | विद्यालयका शिक्षक तथा कर्मचारीको क्षमता विकाससँग सम्बन्धित तालिम, शैक्षिक अवलोकन भ्रमण, शैक्षिक प्रदर्शनी, GPS/GIS सहित डिजिटल सेवा सम्बन्धी अभिमुखीकरण तथा सिकाइ आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

शैक्षिक समता र समावेशीकरणका दृष्टिले चन्द्रागिरि नगरपालिकाको अवस्था सन्तोषजनक देखिन्छ। नगरपालिकाभित्रका कुनै पनि विद्यालयमा जातजाती, लिङ्ग, वर्ग, समुदाय तथा अपाङ्गताका कारणले भर्ना हुने अवसरबाट बञ्चित हुनु परेको गुनासो नगरपालिकामा प्राप्त भएको छैन। यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा कक्षा ९, १०, ११ र १२ मा छात्रभन्दा छात्राको सङ्ख्या बढी रहेको छ र अरू सबै कक्षामा छात्राभन्दा छात्र बढी रहेका छन्। संस्थागत र अन्य विद्यालयका सबै कक्षामा छात्रको दाँजोमा छात्राको सङ्ख्या कम देखिन्छ। यसको प्रमुख कारण जनसङ्ख्याको बनोटमा नै छात्राको सङ्ख्या छात्रको तुलनामा कमी रहनु हो। यहाँका अभिभावकले शिक्षाको अवसर प्रदान गर्ने क्रममा छोरा र छोरीलाई विभेद गरेको पाइदैन। यहाँ अध्ययनरत बालविकास बाहेकका २८,०७७ विद्यार्थीमध्ये १४,९५० जना छात्रहरू र १३,१२७ जना छात्राहरू रहेका छन्, जसको लैङ्गिक अनुपात प्रतिशत १.१४ रहेको छ।

यहाँका ४,१२१ जना बालबालिकाहरूले कुनै न कुनै छात्रवृत्ति प्राप्त गरिरहेका छन्, जसमध्ये दलित छात्रवृत्ति ८४६ जना, छात्रा छात्रवृत्ति ३,०९५ जना, अपाङ्गता छात्रवृत्ति ७ जना र अन्य छात्रवृत्ति १७३ जनाले प्राप्त गरेको अभिलेखबाट देखिन्छ। (*स्रोतः नगरपालिकाको अभलेख।*)

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस नगरपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ। त्यसैगरी आर्थिक विपन्नता र अपाङ्गताका कारणले कति बालबालिकाहरू विद्यालय वाहिर रहेका छन् एकिन गर्न सकिएको छैन। यो नै यस नगरपालिकाको शैक्षिक समता र समावेशीकरणको प्रमुख समस्या हो।

### **४.३.२ उद्देश्य**

यस विषय क्षेत्रअन्तरगत देहायका उद्देश्यहरू रहेका छन् :

१. अपाङ्गता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला, आर्थिक रूपले विपन्न वर्गहरूलाई शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

३. विद्यालयमा विभेद, दुर्व्यवहार, हेपाईरहित भएको सुनिश्चित गर्नु।

### **४.३.३ रणनीतिहरू**

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चितता गर्ने।

२. दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित कार्यक्रमको व्यवस्था गर्ने।

३. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने।

४. विद्यालयमा विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने।

५. बालक्लव गठन हुन बाँकी रहेका विद्यालयमा बालक्लब गठन गरी क्रियाशील बनाउने।

६. विद्यालयका हरेक क्रियाकलापहरूमा समावेशी सहभागिताको प्रबन्ध गर्ने।

७. चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकाहरूलाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने।

८. नगरपालिकाले बालबालिकाका लागि विनियोजित रकम सरोकारवालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा उपयोग गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** लक्षित समूहका बालबालिकाहरूको शिक्षामा समावेशी र समतामूलक पहुँच अभिवृद्धि भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**प्रमुख नतिजाः**

१. विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने छ।

२. विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुने छ।

### ४.३.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | विद्यालयको कक्षा/तह/विद्यालय समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूको कारणसहित अभिलेख तयारी | पटक | १ | | | | | १ | २ |
| ४ | विशेष कारणले विद्यालय वाहिर रहेका बालबालिकाका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| ५ | विद्यालयमा बालक्लब गठन एवम् परिचालन | विद्यालय | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ |
| ६ | अपाङ्गताको प्रकृतिअनुसार सिकाइमा सहजीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | अपाङ्ग विद्यार्थीहरूका लागि खेलकुद | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | स्थानीय भाषा प्रशिक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | विद्यार्थी छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १० | गुनासो पेटिकाको व्यवस्थापन र प्रभावकारी उपयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ११ | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन/ स्वमूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | विद्यालमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चत गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र निर्माण एवम् क्रियाशिलता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | लैङ्गिक फोकल पर्सनको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १४ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१०) मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १५ | स्वयम् सेवक कार्यक्रम (स्काउट/रेडक्रस/NCC) सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १६ | अपाङ्गताको Screening गरी विद्यार्थीका लागि ह्वील चियर, सेतो लठ्ठी, ब्रेलमा लेखिएको पुस्तक लगायतका सामग्रीको प्रबन्ध कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | अपाङ्गता अटिज्म केन्द्र सञ्चालन तथा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

यस चन्द्रागिरि नगरपालिकामा रहेका २४ वटा सामुदायिक विद्यालयका कक्षा ५ सम्मका ५,७१५ जना बालबालिकाले दिवा खाजाको सुविधा पाएको देखिन्छ। सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा कक्षा ५ सम्म प्रति विद्यार्थी प्रति दिन रू १५ निकासा दिने गर्छ। सबै सामुदायिक विद्यालयले हात धुनका लागि साबुन पानीको व्यवस्था गरेका छन्। सफा र शुद्ध पिउने पानीको व्यवस्था २२ वटा सामुदायिक विद्यालयले मिलाएका छन्। स्वास्थ्यसम्बन्धी हाजिरी रजिष्टरको प्रयोग खासै कामयावी हुन सकेको छैन।

सङ्घीय सरकारले प्रदान गरेको रू १५ ले सोंचअनुसारको स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु, विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्लै कर्मचारीको व्यवस्था नहुनु, स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको उचित प्रयोग नगरिनु दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्या तथा चुनौतिहरू हुन्।

### ४.४.२ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमको उद्देश्य देहायअनुसार रहेको छ :

१. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. दिवा खाजालाई थप व्यवस्थित बनाउने।
२. बालबालिकको आवधिक रूपमा स्वास्थ्य परीक्षण र मनोसामाजिक परामर्शको व्यवस्था मिलाउने।
३. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गर्ने।
४. लक्षित समूहका छात्रालाई स्यानिटरी प्याड र विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ।

**प्रमुख नतिजाः**

१. खाजाको गुणस्तरमा सुधार हुने छ।
२. प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रलाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ् रूम / आराम कक्षको व्यवस्था र सफा कक्षाकोठाको व्यवस्था हुने छ।
३. विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए, आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुने छ।

## ४.४.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यालयमा दिवा खाजाको प्रबन्ध | विद्यार्थी | ५८०० | ५९५० | ६१०० | ६२५० | ६४०० | ३०५०० | ६३००० |
| २ | विद्यालयमा स्वास्थ्य किट वितरण एवम् प्रतिस्थापन | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| ३ | एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | विद्यालय | ८ | १ | १ | १ | १ | १२ | १७ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | विद्यालयमा स्यानिटरी प्याड व्यवस्थापन/ भेन्डिङ मेशिन/ इन्सिनिरेटर (संस्थागत विद्यालय) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | बालबालिकाका लागि भिटामिन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको औषधी वितरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ८ | विद्यालायमा शौचालयको सरसफाइ, पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| ९ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १० | विद्यालय नर्श कक्ष/ चेन्जिङ् रूम/ आराम कक्ष/मनोपरामर्श कक्षको व्यवस्था | विद्यालय | ८ | २ | २ | २ | ३ | १७ | १७ |
| ११ | स्वास्थ्य विवरण सहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| १२ | विद्यालयमा फोहरमैला व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

भुकम्प र कोभिडको अलावा यस नगरपालिकामा हावा हुरीले विद्यालयको छाना उडाउने, चट्याङ्ले क्षति गर्ने, रूघा खोकी, आँखा पाक्ने लगायतका रोगले महामारीको रूप लिने घटनाले बेलाबेलामा शिक्षालाई असर पुऱ्याइरहेको अवस्था छ । यस नगरपालिकामा २०७२ सालको विनासकारी भुकम्पले विद्यालयहरू क्षती भएको अवस्थामा अल्पकालीन सिकाइ केन्द्रहरूको व्यवस्था गरी सिकाइलाई निरन्तरता दिने कार्य गरिएको थियो भने बालबालिकाहरूका लागि मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालन भएका थिए । कोभिडको समयमा विद्यालय बन्द हुँदा वैकल्पिक सिकाइका विभिन्न विधिहरूको प्रयोग गरिएको थियो ।

### ४.५.२ उद्देश्य

यस विषय क्षेत्रको उद्देश्य देहाय बमोजिम रहेको छ :

१. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अवसर बढाउनु ।

### ४.५.३ रणनीतिहरू

१. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरी यस्तो समयमा पनि शिक्षालाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने।

२. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरी सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने।

३. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायको तयारी गर्ने।

४. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने।

५. विपत् तथा प्रकोप, शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबीच वडा तहसम्म समन्वय गरी जिम्मेवार संयन्त्र बनाउने।

६. विभिन्न कार्यक्रमका माध्यमबाट हरित विद्यालय अभियान कार्यान्वयन गर्ने।

७. नगरपालिकामा Education Cluster को व्यवस्था गर्ने।

८. विपत्को समयमा क्षति न्युनीकरण र पुनर्लाभका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, मानवीय स्रोतको म्यापिङ गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** आपत्कालीन अवस्थामा पनि बालबालिकाहरूको सिक्न पाउने अवसरमा सुधार भएको हुने छ।

**नतिजाहरू**

१. विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास हुने छ।

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन हुने छ।

३. विपत् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन हुने छन्।

### ४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र परिचालन (नगरपालिका र सबै वडा) | नगरपालिका र वडा | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| २ | विपत् व्यवस्थापन संयन्त्र निर्माण र परिचालन (विद्यालय) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | सङ्कटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | विद्यालय | | सबै | | | | सबै | सबै |
| ४ | विद्यालयमा विपत् सामग्री व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २४ |
| ५ | विपत्को समयमा पनि सिकाइलाई निरन्तरता दिन विपत् पूर्वतयारी, पुनर्लाभ तथा प्रतिकार्य उत्थानशिलताका लागि सचेतना कार्यक्रम | पटक | | | १ | १ | १ | ३ | ५ |
| ६ | विद्यार्थीहरूलाई मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ७ | हरित विद्यालय विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

यस चन्द्रागिरि  नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा जम्मा ५६४ वटा कोठाहरू रहेका छन् । तीमध्ये ३२२ वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएका छन् । त्यसैगरी, प्रधानाध्यापक तथा स्टाफ कक्षका रूपमा ५५, पुस्तकालयका रूपमा २१, प्रयोगशालाका रूपमा ४६, भण्डारका रूपमा २०, अन्य कार्यका लागि ९० वटा कोठाहरू उपयोग भई ६८ वटा कोठा नपुग देखिन्छ ।

यस नगरपालिकामा २४ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यहाँका २२ वटा विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था छ । ७ वटा विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि अलग्गै शौचालयको व्यवस्था छ । १३ वटा विद्यालयमा किशोरीहरूका लागि स्यानिटरी प्याड डिस्पोज सहितको शौचालयको व्यवस्था छ । २३ वटा विद्यालयले हात धुनका लागि साबुन पानीको व्यवस्था गरेका छन् । सफा र स्वच्छ पिउने पानीको व्यवस्था भएका विद्यालय २२ वटा छन् । आराम कक्षको व्यवस्था ८ वटा विद्यालयमा रहेको छ । बालमैत्री धारा १७ वटा विद्यालयमा रहेको छ । १३ वटा विद्यालयमा फर्निचर नपुग रहेको छ भने ५ वटा विद्यालयमा मर्मत गर्नुपर्ने अवस्था रहेको छ ।

राज्यले सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला हुने परिकल्पना गरेको छ। यहाँका १७ वटा विद्यालयहरूमा विज्ञान प्रयोगशाला छ, तर पनि ५ वटा विद्यालयका प्रयोगशालामा मात्र प्रयाप्त सामग्रीको व्यवस्था हुन सकेको छ। १८ वटा विद्यालयहरूमा साना ठूला सूचना प्रविधि प्रयोगशाला रहेका छन्। गणित, भाषा तथा सामाजिक विषयको प्रयोगशाला भने ५ वटा विद्यालयले व्यवस्था गर्न सकेका छन्।

यहाँका थोरै विद्यालयमा मात्र प्रयाप्त खेलकुद सामग्री छन्। धेरै विद्यालयमा खेलकुद सामग्री थप गर्नुपर्ने अवस्था छ। सह तथा अतिरिक्त क्रियाकलापमा धेरै विद्यार्थीहरू सहभागी हुँदैनन्। केही विद्यार्थीहरू पटक पटक भाग लिने र केही विद्यार्थीहरू दर्शक मात्र हुने अवस्था छ। खेलकुद सामग्री र सह तथा अतिरिक्त क्रियाकलापमा सहभागिताको विवरण अनुसूचीमा राखिएको छ।

### ४.६.२ उद्देश्य

भौतिक पूर्वाधारको विकास क्षेत्र अन्तरगत देहायको उद्देश्य निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड कार्यान्वयन गरी सुरक्षित र सिकाइ अनुकुलको विद्यालय भौतिक पूर्वाधारको विकास गर्नु।

### ४.६.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ **:**

१. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ र प्रदेशसँग समन्वय गरी मापदण्डअनुसारको विद्यालय पूर्वाधारको विकास गर्ने।

२. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार मर्मत सम्भार गर्ने।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:** बालमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गतामैत्री एवम् सिकारूमैत्री भौतिक पूर्वाधारको विकास भई विद्यालय वातावरण सिकाइ अनुकूल भएको हुने छ।

**नतिजा:**

१. विद्यालयहरूमा भौतिक पूर्वाधारको विकास हुने छ।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने छन्।

### ४.६.५ प्रमुख क्रियाकलाप एवम् लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यालयमा कक्षाकोठा निर्माण | कोठा | ४ | ४ | ४ | ४ | ४ | २० | ६८ |

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| २ | अपाङ्गता अनुकूलको शौचालय निर्माण | विद्यालय | २ | ४ | ४ | ४ | २ | १६ | २४ |
| ३ | फर्निचर मर्मत सम्भार | विद्यालय | ५ | २ | २ | २ | २ | १३ | २४ |
| ४ | नयाँ फर्निचर निर्माण | विद्यालय | ३ | १ | १ | १ | १ | ७ | १५ |
| ५ | विद्यालय रङरोगन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २४ |
| ६ | पुस्तकालयमा पुस्तक थप गर्ने व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १७ |
| ७ | विज्ञान प्रयोगशालामा सामग्री थप गर्ने व्यवस्था | विद्यालय | ५ | ५ | ५ | २ | ५ | १७ | १७ |
| ८ | सामुदायिक विद्यालयहरूमा गणित तथा अन्य विषयगत प्रयोगशालाको विकास | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | १७ |
| ९ | सिकाइ सामग्री र भण्डारण कक्षको व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | १७ |
| १० | विद्यालयमा बालमैत्री खेलमैदान निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० | २४ |
| ११ | अपाङ्गतामैत्री हुनेगरी  भौतिक संरचना सुधार | विद्यालय | २ | २ | २ | २ | २ | १० | २४ |
| १२ | नमुना विद्यालय प्रोत्साहन कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | १ | १ |
| १३ | विद्यालय वस व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १४ | शैक्षिक संस्था पूर्वाधार तथा विकास सहायता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

यस नगरपालिकाभित्रका १८ वटा सामुदायिक विद्यालयमा कम्प्युटर प्रयोगशाला छ । १३७ वटा कम्प्युटरहरू मर्मत गर्नुपर्ने अवस्थाका छन् । यहाँका सामुदायिक विद्यालयहरूमा औसतमा प्रति कम्प्युटर/ ल्यापटप १६.९३ जना विद्यार्थीले उपयोग गर्नुपर्ने अवस्था रहेको छ। यहाँका १९ वटा सामुदायिक विद्यालयमा प्रोजेक्टरको व्यवस्था छ। यहाँका सामुदायिक विद्यालयमा ११२.६४ जना विद्यार्थीले एउटा प्रोजेक्टर उपयोग गर्नुपर्ने अवस्था रहेको छ। यहाँका सबै विद्यालयमा विद्युत र इन्टरनेट भने पुगेको अवस्था छ।

यहाँका केही विद्यालयमा आधुनिक सूचना प्रविधिको उपयोग गरेर पढ्ने अवसरबाट विद्यार्थीहरू बञ्चित रहेका छन् । यसको एउटा कारण आधुनिक प्रविधिका उपकरणहरू नहुनु वा न्युन मात्रामा हुनु हो भने अर्को कारण शिक्षकहरूमा आधुनिक प्रविधिको उपयोग गरी शिक्षण गर्ने दक्षता पनि नहुनु हो । यहाँका ३९.७१ प्रतिशत शिक्षक मात्र आधुनिक प्रविधिको उपयोग गर्न सक्षम छन् ।

### ४.७.२ उद्देश्य

सिकाइमा सूचना प्रविधि विषय क्षेत्रका देहायका उद्देश्यहरू रहेका छन् :

१. सबै विद्यालयमा आधुनिक प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन आधुनिक प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयमा आधुनिक प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरी कक्षाकोठालाई स्मार्ट कक्षाकोठामा रूपान्तरण गर्ने ।
२. शिक्षणमा आधुनिक प्रविधिको प्रयोग गर्न सक्ने दक्षता सबै शिक्षकमा विकास गर्ने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा आधुनिक प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत् विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग विस्तार गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः** विद्यालयमा आधुनिक प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजाः**

१. विद्यालयमा सूचना प्रविधिको पूर्वाधार विकास भई विभिन्न विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा सबैको पहुँच पुग्नेछ ।
२. सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना प्रविधिको प्रयोग गर्ने छन् ।

### ४.७.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | विद्यालयमा उच्च गतिको इन्टरनेटको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| २ | बालविकास कक्षा तथा आधारभूत तहमा स्मार्ट टिभी/ मावि तहमा स्मार्ट बोर्ड तथा सिकाइ सामग्री व्यवस्थापन | कक्षाकोठा | ७६ | ७६ | ३४ | ३४ | ३४ | २५४ | २६० |
| ३ | सामुदायिक विद्यालयमा कम्प्युटर, सफ्टवेयर मर्मत तथा अपडेट | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | शिक्षणमा आधुनिक सूचना प्रविधिको उपयोग सम्बन्धमा शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन | समूह | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० |
| ५ | शैक्षिक पूर्वाधार निर्माण (सामुदायिक विद्यालयमा ल्पाटपसहित सूचना प्रविधि पूर्वाधार विकास) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | IEMIS व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

परिच्छेद पाँच

**अन्य उपक्षेत्र**

## ५.१ उच्च शिक्षा

### ५.१.१ वर्तमान अवस्था

यस नगरपालिकामा २ वटा सामुदायिक क्याम्पसहरू रहेका छन् । मङ्गलोदय बहुमुखी क्याम्पस यस नगरपालिकाको वडा नं ४ मा रहेको छ । वि.सं २०४५ सालमा स्थापना भएको यस क्याम्पसमा स्नातकोत्तर तहसम्मको अध्यापन हुन्छ । स्नातक तहमा वि.ए. र वि.वि.एस. कार्यक्रम तथा स्नातकोत्तर तहमा एम.वि.एस. कार्यक्रम सञ्चालन भइरहेको छ । यस क्याम्पसमा प्राध्यापक २१ जना र कर्मचारी ४ जना रहेका छन् । यसै नगरपालिकाको वडा नं १० मा काठमाण्डौ शिक्षा क्याम्पस रहेको छ । वि.सं २०४८ सालमा स्थापना भएको यस क्याम्पसमा पनि स्नातकोत्तर तहसम्मको अध्यापन हुन्छ । स्नातक तहमा वि.सि.ए., वि.वि.एस., वि.एड. कार्यक्रम तथा स्नातकोत्तर तहमा एम.वि.एस. र एम.एड. कार्यक्रम सञ्चालन भइरहेको छ । काठमाण्डौ शिक्षा क्याम्पसमा स्थायी र आंशिक गरी ३८ जना प्राध्यापक र पूर्णकालीन र आंशिक गरी ११ जना कर्मचारी रहेका छन् । कार्यक्रमगत रूपमा यी दुईवटा क्याम्पसमा हाल अध्ययनरत विद्यार्थी विवरण तल तालिकामा देखाइएको छ ।

| क्र.स. | कार्यक्रम | मङ्गलोदय बहुमुखी क्याम्पस | | | काठमाण्डौ शिक्षा क्याम्पस | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | वि.ए. | १७ | ३८ | ५५ | - | - | - | १७ | ३८ | ५५ |
| २ | वि.वि.एस. | ८४ | ९७ | १८१ | १९२ | २३१ | ४२३ | २७६ | ३२८ | ६०४ |
| ३ | वि.एड. | - | - | - | १६९ | २०१ | ३७० | १६९ | २०१ | ३७० |
| ४ | वि.सि.एस. | - | - | - | ९४ | ४८ | १४२ | ९४ | ४८ | १४२ |
| ५ | एम.वि.एस. | १८ | २९ | ४७ | २७ | ११ | ३८ | ४५ | ४० | ८५ |
| ६ | एम.एड. | - | - | - | ३३ | ५५ | ८८ | ३३ | ५५ | ८८ |
| जम्मा | | ११९ | १६४ | २८३ | ५१५ | ५४६ | १०६१ | ६३४ | ७१० | १३४४ |

### ५.१.२ उद्देश्य

क्याम्पसको भौतिक र शैक्षिक गुणस्तर सुधारमा सहयोग गर्नु यस उच्च शिक्षा उपक्षेत्रको उद्देश्य रहेको छ ।

### ५.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छः

१. यस नगरपालिकामा सञ्चालित सामुदायिक क्याम्पसमा अध्ययनरत लक्षित समूहका विद्यार्थीलाई प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।

२. क्याम्पसको भौतिक लगायत सूचना प्रविधि पूर्वाधारको विकासमा सहयोग गर्ने।

३. गुणस्तर अभिवृद्धिका लागि विभिन्न अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गर्ने।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः योजनाको अन्त्यसम्ममा यहाँका सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक अवस्थामा सुधार भएको हुने छ।

नतिजाः

१. लक्षित समूहका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरी अभिप्रेरित हुने छन्।

२. सूचना प्रविधि पूर्वाधारमा सुधार हुने छ।

३. विभिन्न अनुसन्धानात्मक कार्यहरू सञ्चालन हुने छन्।

### ५.१.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र.स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | प्रति क्याम्पस ५ लाखका दरले २ सामुदायिक क्याम्पसलाई सञ्चालन सहयोग अनुदान (तालिम तथा अनुसन्धान समेत) | क्याम्पस | २ | २ | २ | २ | २ | | |
| २ | छोरी वुहारी तथा लक्षित वर्ग उच्च शिक्षा छात्रवृत्ति (स्नातक/ स्नातकोत्तर/ एमफिल/ विद्यावारिधी) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | दलित लक्षित उच्च शिक्षा छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | नगर छात्रवृत्ति कोष स्थापना एवम् सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

परिच्छेद छ

## सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

यस नगरपालिकाभित्र रहेका २४ वटै सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको छ । शिक्षक अभिभावक सङ्घ भने २१ वटा विद्यालयमा गठन भई २० वटामा क्रियाशिल रहेको छ । सबै विद्यालयमा नेतृत्व गर्न प्रधानाध्यापकको व्यवस्था छ । शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति सबैको जिम्मेवारी बाँडफाँड गरिएको अवस्था छ । सबै विद्यालयमा कक्षाकोठा र कार्यालय कक्षको व्यवस्था छ । १८ वटा विद्यालयमा आधुनिक प्रविधि प्रयोगशाला छ । सबै विद्यालयमा चालु अवस्थामा कम्तिमा एउटा भए पनि कम्प्युटर छ । १८९ जना शिक्षकहरूमा सूचना प्रविधिको प्रयोग गरेर शिक्षण गर्न सक्ने क्षमता रहेको छ । त्यसैगरी, नगरपालिकामा सामाजिक विकास समितिको व्यवस्था छ । यसको अलावा शिक्षा, युवा तथा खेलकुद शाखामा अधिकृतस्तर दसौं तहसहित ४ जना कर्मचारीको व्यवस्था छ ।

उल्लिखित व्यवस्थाहरू हुँदा हुँदै पनि योजनाका कतिपय कार्यक्रमहरू सञ्चालन गर्नका लागि विद्यालयमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ । एउटा पनि प्रोजेक्टर नभएका विद्यालयहरूमा प्रोजेक्टर वा स्मार्ट टिभी/स्मार्ट बोर्डको व्यवस्था गर्नु आवश्यक छ । योजनालाई कार्यान्वनय गर्न ठूलै बजेटको आवश्यकता हुन्छ, केही बजेट सङ्घ र प्रदेशबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानका रूपमा प्राप्त भए पनि बाँकी बजेटको व्यवस्था नगरपालिकाले गर्नुपर्ने हुन्छ ।

#### ६.१.२ उद्देश्य

विद्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नु यस विषय क्षेत्रको उद्देश्य रहेको छ ।

#### ५.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गरी थप जिम्मेवार बनाउने ।
२. शिक्षक सहायता प्रणालीलाई अझ मजबुत गर्ने ।

#### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजाहरू

**उपलब्धिः** विद्यालयहरूको संस्थागत क्षमता विकास भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा सुधार भएको हुने छ ।

**नतिजाः**

१. विद्यालयहरूको संस्थागत क्षमतामा अभिवृद्धि हुने छ ।

### ६.१.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | नगरपालिकाले प्रधानाध्यापकलाई र प्रधानाध्यापकले शिक्षकलाई कार्यसम्पादन करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | कार्यसम्पादन स्तर सर्वोत्कृष्ट भएका विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | २० |
| ३ | किशोरीसँग नगरपालिका अन्तरक्रिया तथा वहस पैरवी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | युवासँग नगरपालिका अन्तरक्रिया तथा वहस पैरवी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टोरिङ तथा विद्यालय सुपरीवेक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

## ६.२ नगर शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

यस योजनाले समेट्ने क्षेत्र चन्द्रागिरि नगरपालिका हो । यस योजनालाई कार्यान्वयन गराउने प्रमुख निकाय चन्द्रागिरि नगर कार्यपालिका हो । योजनाको कार्यान्वयनका लागि नगरपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखाको मुख्य जिम्मेवारी रहेको छ । योजना कार्यान्वयनका लागि यस नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयको भूमिका अहम् रहेको छ । यी सबै संस्थाका शिक्षक, कर्मचारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक

सङ्घ, अभिभावकहरू, शिक्षाका सहयोगी हातका रूपमा रहेका विभिन्न गैरसरकारी सङ्घ संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रका परिचालक, सञ्चालक समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका जिल्ला, प्रदेश र सङ्घस्तरीय निकायहरू कार्यान्वयनसँग कुनै न कुनै रूपमा जोडिएका जनशक्ति तथा निकायहरू हुन् ।

साधन स्रोतको हकमा नगरपालिका र अन्तर्गतका विद्यालयहरूमा मौजुदा अवस्थामा रहेको जनशक्ति र संरचनाका अतिरिक्त सङ्घ, प्रदेश र नगरपालिकाबाट नियमित विनियोजन गर्ने गरिएको बजेट नै प्रमुख हुन् । यसको अलावा दातृ सङ्घ संस्थाबाट प्राप्त हुने आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको भूमिका पनि उल्लेखनीय हुने छ । कोभिड जस्तै महामारी र अन्य विपदको अवस्था आई राज्यको ध्यान त्यसको नियन्त्रणका लागि खर्चनु पर्ने परिस्थिति नआए र सङ्घ, प्रदेश, नगरपालिका तथा अन्य सहयोगी सङ्घ संस्थाले योजना कार्यान्वयनका लागि छुट्याउने बजेटमा क्रमशः बढोत्तरी हुँदै गएमा मात्र सन्तोषजनक रूपमा योजनाको कार्यान्वयन भई अपेक्षित सुधार हुन्छ भन्ने मान्यतालाई आत्मसात गरिएको छ ।

### ६.२.२ उद्देश्य

यस शीर्षकअन्तर्गत देहायको उद्देश्य रहेको छ :

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू तय गरिएको छ :

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त, सशर्त अनुदान तथा अन्य अनुदान र नगरपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

३. योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गर्ने ।

४. नगरप्रमुखको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने ।

६. शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र यसका लागि आवश्यकताअनुसार सहजीकरण गर्ने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. सरोकारवालाहरूको भेला गरी कार्यक्रमको प्रबोधीकरणका साथसाथै कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने ।

९. सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरू

**उपलब्धि:** नगर शिक्षा योजना सहज किसिमले कार्यान्वयन भई शैक्षिक विकासमा टेवा पुगेको हुने छ ।

**नतिजा:**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन हुने छ ।

### ६.२.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १ | आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका विकास | पटक | १ | | | | | १ | २ |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका विकास एवम् प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | वार्षिक कार्ययोजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | योजना कार्यान्वयन सहजीकरण समिति गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ५ | कार्यक्रम एवम् कार्यान्वयन प्रक्रियाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | कार्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | शैक्षिक क्यालेण्डर निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ८ | मासिक घुम्ति प्रअ बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० |
| ९ | कार्यक्रमको समीक्षा बैठक | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| १० | शैक्षिक बुलेटिन प्रकाशन | पटक | १ | २ | २ | २ | २ | ९ | १९ |
| ११ | शिक्षा दिवसलगायत अन्य दिवस मनाउने कार्यक्रम | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| १२ | विद्यालय सहयोगीको तलब, चाडबाड र पोसाक खर्च | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १३ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक, प्राविधिक धारका शिक्षकका लागि तलब, भत्ता अनुदान | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १४ | विद्यालय तथा नगरपालिकास्तरमा अनुसन्धानात्मक कार्य सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

परिच्छेद सात

## लगानी र स्रोत व्यवस्थापन

### ७.१ वर्तमान अवस्था

यस चन्द्रागिरि नगरपालिकाको बजेट निर्माणका क्रममा सङ्घीय स्रोत, प्रदेश स्रोत, नगरपालिकाको आन्तरिक स्रोत र अन्य सङ्घसंस्थाबाट प्राप्त स्रोतसमेतको संलग्नतामा बजेट निर्माण गरिने छ । सङ्घीय र प्रदेश सरकारबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त हुने गरेको छ । नगरपालिकाले पनि शिक्षा क्षेत्रलाई उच्च प्राथमिकताका साथ उल्लेख्य वजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरेको छ । विगत पाँच वर्षको बजेट विवरण तल तालिकामा राखिएको छः

बजेट रू हजारमा

| आ.व. | शिक्षा क्षेत्रको बजेट | | | | |
|---|---|---|---|---|---|
| | सङ्घ | प्रदेश | नगरपालिकाको आन्तरिक | अन्य दातृ निकाय | जम्मा बजेट |
| २०७७/७८ | २८३८५० | ३५१ | २०७५० | ० | ३०४९५१ |
| २०७८/७९ | २९२४२० | १५७५ | २८६७३ | ० | ३२२६६८ |
| २०७९/८० | ३२३६१७ | ८५०८ | ६७२५० | ० | ३९९३७५ |
| २०८०/८१ | ३००९३० | २४८० | ८०६०० | ० | ३८४०१० |
| २०८१/८२ | २८००६४ | ३७१२ | १२१३९७ | ३२२६५ | ४३७४३८ |

*स्रोतः चन्द्रागिरि  नगरपालिकाको अभिलेख ।*

### ७.२ उद्देश्य

लगानी तथा स्रोत व्यवस्थापन शीर्षकको उद्देश्य देहाय बमोजिम रहेको छ :

१. स्रोत र साधनको प्रक्षेपण गरी कार्यक्रमको प्राथमिकता निर्धारण गर्नु ।

### ७.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. चन्द्रागिरि  नगरपालिकाले आन्तरिक स्रोतमा वृद्धि गरी शिक्षा क्षेत्रको लगानीमा वृद्धि गर्ने ।

२. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।

३. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने ।

**७.४ प्रमुख उपलब्धि तथा नतिजाहरू**

**उपलब्धि**

१. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

**प्रमुख नतिजा**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन हुने छ ।

**७.५ प्रमुख क्रियाकलाप एवम् परिमाणात्मक लक्ष्य निर्धारण**

**क. शिक्षा योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश, नगरपालिका र अन्य सङ्घसंस्थाबाट प्राप्त हुने बजेट अनुमान**

(बजेट रू हजारमा)

| क्र.स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | |
| १ | सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान | ३०२२०० | ३१०००० | ३२०००० | ३३०००० | ३४०००० | १६०२२०० |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | ४०८० | ४२०० | ४४०० | ४६०० | ७४२४ | २४७०४ |
| ३ | नगरपालिकाबाट छुट्याउने बजेट | १३८८३० | १५०८३० | १५६४५६ | १६३९१८ | १७१५२० | ७८१५५४ |
| ४ | अन्य सङ्घसंस्थाबाट प्राप्त हुने बजेट | ३४००० | ३४००० | ३४००० | ३४००० | ३४००० | १७०००० |
| **जम्मा** | | **४७९११०** | **४९९०३०** | **५१४८५६** | **५३२५१८** | **५५२९४४** | **२५७८४५८** |

## ख. सङ्घीय सरकार, प्रदेश सरकार, अन्य संघसंस्था र स्थानीय तहसमेतबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि खर्च हुने अनुमानित रकम

| क्र.स. | क्रियाकलाप | खर्च हुने अनुमानित रकम (रू हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | ५ वर्षको जम्मा |
| १ | बालविकास र शिक्षा | १४३६५ | १४६९० | १५०१५ | १५१४० | १५२६५ | ७४४७५ |
| २ | आधारभूत शिक्षा | १५३९३३ | १६८९७८ | १७८२२३ | १८९५६८ | २०२६१३ | ८९३३१३ |
| ३ | माध्यमिक शिक्षा | ९११३ | ९३८६ | ९७५८ | ९७०१ | ९७२३ | ४७६८० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ९६८० | ९९३० | १०१८० | १०४३० | १०६८० | ५०९०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ५९५२ | ७०६० | ८८७० | ११५९० | १४३१० | ४७७८२ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ३६४६२ | ३६४६५ | ३६६८० | ३६७०० | ३६९४० | १८३२४७ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १४५७७ | १४२८७ | १४३५७ | १४२८७ | १४३५७ | ७१८६५ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ६४१८ | ६६४० | ६७७० | ६८९० | ७०२० | ३३७३८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ८०१९५ | ८१९९१ | ८४२६० | ८६५१९ | ८८८७३ | ४२१८३८ |
| १० | विद्यालय सुरक्षा, विपद् न्युनीकरण तथा उत्थानशीलता | १००० | १२०० | १००० | १००० | १००० | ५२०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३०६०० | ३०६०० | ३०६०० | ३०६०० | ३०६०० | १५३००० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १८५५४ | १८५५४ | १८५५४ | १८५५४ | १८५५४ | ९२७७० |
| १३ | उच्च शिक्षा | ४८०० | ४८०० | ४८०० | ४८०० | ४८०० | २४००० |
| १४ | सुशासन तथा व्यवस्थापन | ९२६६२ | ९३६५० | ९४७९० | ९५९४० | ९७११० | ४७४१५२ |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ८०० | ८०० | १००० | ८०० | ११०० | ४५०० |
| **कुल जम्मा** | | ४७९११० | ४९९०३० | ५१४८५६ | ५३२५१८ | ५५२९४४ | २५७८४५८ |

परिच्छेद आठ

## अनुगमन तथा मूल्याङ्कन

### ८.१ अनुगमन तथा मूल्याङ्कन

### ८.१.१ वर्तमान अवस्था

चन्द्रागिरि नगरपालिकाको यस नगर शिक्षा योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि नगर प्रमुखको संयोजकत्वमा एक अनुगमन संयन्त्र निर्माण गरिने छ । यस संयन्त्रमा नगर कार्यपालिकाका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, पत्रकार, सहयोगी गैरसरकारी सङ्घसंस्था आदि सबैको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने गरी छरितो समिति हुने छ । मूल्याङ्कनका लागि नतिजामा आधारित सूचकहरूको विकास गरी सोही आधारमा मूल्याङ्कन गरिने छ । मूल्याङ्कनका क्रममा आवश्यकताअनुसार विद्यार्थी उपलब्धि परीक्षण तथा सूचकमा आधारित विद्यालय कार्यसम्पादन परीक्षण पनि गरिने छ । यसको अलावा शिक्षक सहायताका लागि जिम्मेवारी तोकिएका व्यक्तिहरूबाट कार्यक्रमको सुपरीवेक्षण गरी विद्यालयहरूलाई स्थलगत सहायता प्रदान गर्ने व्यवस्था गरिने छ ।

### ८.१.२ उद्देश्य

अनुगमन र मूल्याङ्कनका देहायका उद्देश्यहरू रहेका छन् :

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
२. योजना कार्यान्वयनका चरणमा आएका समस्याहरूलाई सम्बोधन गरी अपेक्षित उद्देश्य हासिल गर्न सहयोग गर्नु ।

### ८.१.३ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण गर्ने ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शनको विकास र प्रयोग गर्ने ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्बन गर्ने ।
४. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गर्ने ।
५. अनुगमनका साथसाथै शिक्षक सहायता प्रणालीलाई पनि उपयोग गर्ने ।
